# नयाँ सन्दर्भ साप्ताहिक

**Naya Sandarbha Weekly**

वर्ष : २५ अंक : ३० पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ फागुन २३ *(March 7, 2021)* नेपाल सम्वत ११४१ मुल्य : रु.१०।-



**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा


# झापामा कोइराला समूह सक्रिय हुँदै छ

– **सन्दर्भ समाचारदाता**

भद्रपुर। नेपाली कांग्रेसको महाधिवेशन र सरकारमा पार्टीको सहभागिताको बिषय पेचिलो बनिरहेका बेला कांग्रेस सभापतिका दाबेदार मानिएका डा. शेखर कोइरालाले अर्का शीर्ष नेता एवं सभापतिका दाबेदार कृष्ण प्रसाद सिटौलाको गृह जिल्ला झापामा सक्रियता बढाएका छन। केन्द्रमा वरिष्ठ नेता रामचन्द्र पौडेल समूहसंग समेत निकट रहेर आगामी महाधिवेशनमा जाने तयारी गर्ने सम्भावना बोकेको कोइराला समूहले जिल्ला तथा क्षेत्र तह सम्म सक्रियता बढाउने प्रयासमा लागेको छ। लामो समयदेखि झापामा रहेको नेता सिटौला पक्षको दबदबालाई चुनौती दिदैं डा. कोइराला नेतृत्वको समूहले झापामा सक्रियता बढाएको हो । हुन त डा. कोइराला भौगालिक हिसाबले झापासंगै जोडिएको मोरङ्का हुन । उनी पार्टीको आगामी १४ औं महाधिवेशनमा सभापतिको बलियो उम्मेदवारका रुपमा हेरिएका नेता हुन ।

पार्टीमा निकटस्थहरुले कोइराला परिवारको नेतृत्वको अभाव खडकिरहेको दाबी गरिरहेका बेला डाक्टर कोइराला आगामी महाधिवेशनलाई लक्षित गर्दै झापा क्षेत्र नं ५ का अगुवा कार्यकर्ताहरुसंगको भेटघाट तथा अन्तरक्रियाका लागि दमक आउने कार्यक्रम तय भएको हो। कांग्रेस झापा क्षेत्र नं ५ ले आगामी २५ फागुनमा दमकस्थित क्षेत्रीय पार्टी कार्यालयमा आयोजना गर्ने भेटघाट कार्यक्रमको प्रमुख अतिथिका रुपमा कोइराला आउने निश्चित भएको सामाजिक सञ्जालहरु मार्फत सार्वजनिक गरिएको छ । पछिल्लो राजनीतिक घटनाक्रम संगै कांग्रेसको भुमिका के होला ? भन्ने जिज्ञासा कार्यकर्ता र शुभेच्छुकहरुमाझ बढिरहेको छ भने पार्टीमा नेतृत्व परिवर्तनको चकी बहस चलिरहेको छ ।




झापामा पार्टीले आयोजना गर्ने हरेक जसो क्षेत्रीय तथा गाउँ( नागरस्तरका कार्यक्रममा समेत पूर्व महामन्त्री सिटौलाको उपस्थिती हुने गरेको थियो। पछिल्लो समय कांग्रेस झापामा सिटौला इतरका समूहमाथि सिटौला समर्थक समूहले दबदबा बढाएका कारण सिटौलालाई चुनौती दिन कोइराला निकट कार्यकर्ताहरु आतुर भएका दाबी छ । सिटौला समूहले पार्टीमा दबदबा देखाएको र पार्टीमा पदीय मर्यादा विपरित विभिन्न तह तप्काका नेताहरुलाई उपेक्षा गर्ने गरेको झापाका सिटौला इतर नेता कार्यकर्ताहरुको बुझाई छ । सिटौला समुहको एकल दबदबा रहेको चर्चाका बीच आम कांग्रेस कार्यकर्ताहरुलाई समेटन सो समूहले आफनो गतिबिधि बढाएको निकटस्थहरुको भनाई छ। दमकमा हुने क्षेत्रीयस्तरका अगुवा कार्यकर्ताहरुको भेलालाई डाक्टर कोइरालासंगै प्रखर मानिएका वक्ताहरु गुरुराज घिमिरे, डा। चन्द्र भण्डारी, धनराज गुरुङ, महिला नेतृ सरिता प्रसाइँ लगायतले पनि सम्बोधन गर्ने कार्यक्रम सार्वजनिक भएको छ ।

## चन्द्रगढीमा गुडिरहेको ट्रकमा आगलागी



– **सन्दर्भ समाचारदाता**

भद्रपुर । झापाको सदरमुकामस्थित चन्द्रगढीमा गुडिरहेको अवस्थामा स्थानीय बासिन्दाका अनुसार हिँडिरहेको गाडिमा एक्कासी आगो एक्कासी ट्रकमा आगलागी भएको छ।

चारआलीबाट भद्रपुर आउँदै गरेको प्लाइको कच्चा पदार्थ भेनियरको भारी रहेको ना ३ ख ५८८१ नम्बरको ट्रक चन्द्रगढी चौक नजिकै भद्रपुर रोडतिर मोडिने क्रममा कृषि विकास बैंक छेउमा आगलागी भएको हो ।

स्थानीय बासिन्दाका अनुसार हिँडिरहेको गाडिमा एक्कासी आगो निस्किएको थियो ।

झापा प्रहकीका प्रवक्ता प्रहरी नायव उपरीक्षक राकेश थापाका अनुसार अपरान्न तीन वजेतिर चारआलीबाट भद्रपुर तर्फ आइरहेको प्लाइउडका टुक्रा बोकेर आएको सो ट्रकमा एक्कासी आगो लागेको थियो । आगलागीको कारण खुल्न नसकेको जानकारी दिँदै प्रवक्ता थापाले आगलागी नियन्त्रणमा लिन भद्रपुर, विर्तामोड नगरपालिकाका दमकल, नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायतको टोली परिचालन गरिएको थियो । गाडीको विधुत सर्ट भइ आगलागी भएको हुनसक्ने अनुमान गरिएको छ ।

## अपवित्र गठबन्धन गर्ने हो भने
# त्यसको मूल्य कांग्रेसले चुकाउनुपर्ने हुन्छ : कमल थापा



– **कमल थापा**

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले प्रतिनिधि सभा पुनःस्थापनापछि उत्पन्न राजनीतिक परिस्थिति कता लैजाने भन्ने निर्णायक शक्ति कांग्रेस बनेको बताएका छन् । संसद विघटन बदर गर्ने सवीच्चको निर्णय स्वागतयोग्य रहेको उल्लेख गर्दै थापाले अब बल कांग्रेसको कोर्टमा आएको बताए । पार्टीले शुक्रबार रुपन्देहीको भैरहवामा आयोजना गरेको पत्रकार सम्मेलनमा थापाले अब शुरु हुने संसद अधिवेशनले नयाँ सरकार दिन नसके पुनः संसद विघटन हुने र ताजा जनादेशमा जाने अवस्था आउन सक्ने औंल्याए । सवीच्चले संविधानको धारा ७६ (१) को सरकारले प्रतिनिधिसभा विघटन गर्नु असंवैधानिक भनेर संसद पुनर्स्थापना गरिदिए पनि अब ७६ (७) अनुसार विघटन हुने र ताजा जनादेशको विकल्पमा जानुपर्ने उनको तर्क छ ।

नेकपा विभाजन भएमा सरकार गठनका लागि बल कांग्रेसको कोर्टमा पुग्ने उनले औंल्याए । 'अहिले मुलुकसामु दुईवटा विकल्प छन्, एउटा अपवित्र गठबन्धनका माध्यमबाट सांसद किनबेच र राजनीतिक अस्थिरता निम्ताउने र दोस्रो संविधानको धारा ७६ (७) अनुसार प्रतिनिधिसभा विघटन गरी मध्यावधि चुनावमा जाने,' उनले भने, 'कांग्रेसले दोस्रो विकल्पलाई रोज्नुपर्छ ।' अध्यक्ष थापाले अपवित्र गठबन्धन गर्ने हो भने त्यसको मूल्य कांग्रेसले लामो समयसम्म चुकाउनुपर्ने तर्क गरे ।

सवीच्चको फैसलापछि मुलुकमा अस्थिरता निम्तिने संकेत देखिएको भन्दै उनले यसले प्रजातान्त्रिक प्रणालीलाई पनि कमजोर बनाउने जिकिर गरे । 'जनताले शान्ति र स्थिरताका निम्ति नेकपालाई म्याण्डेट दिएका हुन्, तर नेकपा कुर्सी र सत्ता कब्जाको खेलमा लागेर जनतालाई धोका दियो,' थापाले भने ।

अध्यक्ष थापाले विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी शान्तिपूर्ण राजनीतिको मूलधारमा आउनु स्वागतयोग्य कदम भएको बताउँदै हतियार तत्काल बुझाउनुपर्ने बताए । 'विप्लवसँग वार्ता र सहमति सकारात्मक र स्वागतयोग्य छ अब हतियार बुझाउने काम तत्काल हुनुपर्छ,' अध्यक्ष थापाले भने, 'संविधानले आफ्ना एजेण्डा स्थापित गर्ने ठाउँ दिएको छ, विद्रोहमा जान आवश्यक थिएन ।'

पत्रकारको प्रश्नमा थापाले प्रधानमन्त्री केपी शर्मा ओलीमाथि अविश्वास प्रस्ताव दर्ता भएपछि मात्रै त्यसबारे पार्टीले निर्णय लिने बताए ।

# मन्त्रीको ठाडो आदेशप्रति कांग्रेसको आपत्ति




काठमाडौं । शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठको ठाडो आदेशमा झापास्थित प्रस्तावित बीएन्डसी कलेजलाई एमबीबीएसको सम्बन्धन दिने काठमाण्डौं विश्वविद्यालय सभाको निर्णयप्रति नेपाली कांग्रेसले ध्यानाकर्षण जनाएको छ । कामचलाउ सरकारका शिक्षामन्त्रीको निर्देशनमा विश्वविद्यालय सभाको निर्णयप्रति कांग्रेस शिक्षा विभागका सचिव डा. कृष्णप्रसाद पौडेलले विज्ञप्ति जारी गर्दै गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । 'नेकपा सरकार आफैंले बनाएको ऐन, नियम तथा विभिन्न समयमा गरेका सम्झौता विपरित बारम्बार यस्ता हस्तक्षेपका कार्य गर्नु खेदजनक र आपत्तिको कुरा हो' विज्ञप्तिमा भनिएको छ ।

शिक्षामन्त्री स्वयंले प्रकृया मिचेर विश्वविद्यालयको स्वायतत्तामाथि हस्तक्षेप गर्दै राजनैतिक दबाब सृजना नगर्न कांग्रेसले सचेत गराएको छ । अन्यथा यसको परिणाम दुःखद हुने चेतावनी समेत उसले दिएको छ ।





**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
भद्रपुर (झापा) प्रदेश नं. १ को

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।



**अर्जुनधारा नगरपालिकाको कार्यालय**
शनिश्चरे (झापा) प्रदेश नं. १ को

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।



**रोश्नी ज्वेलर्स**
भद्रपुर–१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०
विना रसायन





**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर–१०, झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२०२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता



श्री ......................................................................................................., ठेगाना ..........................................



### काँधमा आएको जिम्मेवारीबाट नभाग्ने : देउवा

# काँग्रेस सरकारमा जान हुँदैन : पौडेल

–**सन्दर्भ समाचारदाता**

नारायनघाट । चितवनमा आयोजित एक कार्यक्रममा सभापति देउवाले काँग्रेसलाई पदको लोभ नभएपनि काँधमा आएको जिम्मेवारीबाट नभाग्ने बताए । उनले भने,'नेपाली काँग्रेसलाई पदको लोभ छैन । काँधमा आएको जिम्मेवारीबाट भाग्ने वाला पनि छैन,' । देउवाले 'शेरबहादुर प्रधानमन्त्री हुन नहुने भन्ने सानो चित्त' नगर्न वरिष्ठ नेता रामचन्द्र पौडेललाई आग्रह गरे ।

सोही कार्यक्रमा वरिष्ठ नेता पौडेलले काँग्रेस सरकारमा जान नहुने बताएका थिए । 'काँग्रेसले हैसियत अनुसारको भूमिका निर्वाह गर्नुपर्छ, यतिबेला विपक्षी दलको सही भूमिका निर्वाह गर्नुपर्छ ।



यद्यपि हामी सानो संख्यामा छौं, तैपनि हाम्रो भूमिका ठूलो छ, हाम्रो जिम्मेवारी ठूलो छ,' पौडेलले भनेका थिए ।

## बिएन्डसीलाइ सम्बन्धन दिन पूर्वउपकुलपतिहरूको आपत्तिज्ञ

काठमाडौं । झापास्थित बिएन्डसी प्रस्तावित मेडिकल कलेजलाई प्रधानमन्त्रीले नै कानुन विपरीत



सम्बन्धन दिन निर्देशन दिएको भन्दै पूर्वउपकुलपतिहरूले आपत्ति जनाएका छन् । महेशकुमार उपाध्याय, केदारभक्त माथेमा, सुरेशराज शर्मा, कमलकृष्ण जोशी, नविनजङ्ग शाह, तोरणबहादुर कार्की, कैलाशकुमार प्याकुरेल, खगेन्द्र भट्टराई, हिराबहादुर महर्जन र नरेशमान बज्राचार्यले संयुक्त विज्ञप्ति जारी गर्दै आपत्ति जनाएका हुन् ।

चिकित्सा शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यदल २०७२ ले दिएको सुझावका आधारमा बनेको चिकित्सा शिक्षा ऐन विपरीत प्रधानमन्त्री ओलीले उक्त मेडिकल कलेजलाई सम्बन्धन दिएको भन्दै विज्ञप्तिमार्फत ध्यानाकर्षण गराएका हुन् उपकुलपतिहरुले भनेका छन्, 'ऐनमा कुनै पनि विश्वविद्यालयले पाँचवटा भन्दा मेडिकल कलेजलाई एमबिबिएस अध्ययन गराउन नपाउने व्यवस्था छ । उक्त ऐनको उपेक्षा गर्दै काठमाडौं विश्वविद्यालयले अरु थप कलेजलाई सम्बन्धन दिने निर्णय गरेर नितान्त गैरकानुनी, एवं गैरजिम्मेवार कार्य गरेका छ ।' वर्तमान ऐन र कानुनको मर्यादामा रही, त्यसमा आवश्यक सुधार गरी चिकित्सा शिक्षाको सुधार गर्नुको सट्टा राज्यद्वारा नै अराजक व्यवहार गर्नु विडम्बनापूर्ण भनिएको छ ।

यसैगरी, विश्वविद्यालयको स्वायतत्ता र प्राज्ञिक स्वतन्त्रतता लागि समर्पित हुनुपर्ने प्राज्ञहरु कतैबाट आएको दबाबका कारण वा स्वेच्छाले मर्यादाविपरीत निर्णय गर्नुलाई दुर्भाग्य भनिएको छ । समय छँदै उक्त गल्ती सुधारेर आफूबाट अपराधपूर्ण कार्य हुनुबाट जोगिएर प्राज्ञिक मर्यादाको पालना गर्न आग्रह गरिएको छ ।

प्रधानमन्त्री ओलीले सोही मेडिकल कलेजको क्यान्सर अस्पताल उद्धाटन गर्दै काठमाडौं विश्वविद्यालबाट सम्बधन दिने घोषणा गरेका थिए । केही दिनअघि मात्रै प्रधानमन्त्रीको दबाबमा विश्वविद्यालयले सम्बधन दिने निर्णय गरेको छ ।



## हतियार नबुझाएकोमा प्रश्न



– **विश्वप्रकाश शर्मा**

काठमाण्डौ । नेकपा विप्लव समूहसँग सम्झैता अघि बढाउने क्रममा हतियार बुझाउने काम नगरिएकामा नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले प्रश्न उठाएका छन् ।

हस्ताक्षर समारोह सम्पन्न हुने बित्तिकै शर्माले ट्वीट गर्दै यो गम्भीर प्रश्नको जवाफ सिंगो देशले चाहेको उल्लेख गरेका छन् ।

'प्रचण्ड आउँदा खोलाले बगायो थोरै हतियार,' उनले ट्वीट गर्दै सोधेका छन्, 'विप्लव आउँदा पुरै ?'

सम्झैताका तीनवटा बुँदा उल्लेख गरिरहँदा राज्यलाई हतियार बुझाउने चौथो बुँदा चाहिँ उल्लेख नहुनुमा उनले अपत्ति जनाएका छन् ।

## मुस्कान खातुनलाई अन्तर्राष्ट्रिय पुरस्कार



– **मुस्कान खातुन**

काठमाडौं । नेपालस्थित अमेरिकी दुतावसले, तेजाब आक्रमणबाट पीडित पर्साकी मुस्कान खातुनलाई अन्तर्राष्ट्रिय साहसी महिला (आइडब्ल्यूओसी) पुरस्कार प्रदान गर्ने भएको छ । तेजाव आक्रमणको अन्त्यका लागि उनको निरन्तर कार्यको प्रशंसा गर्दै सो प्रतिष्ठित पुरस्कार प्रदान गर्न लागिएको काठमाडौंस्थित अमेरिकीदूतावासले जनाएको छ ।

अमेरिकी प्रथम महिला जिल बाइडन र विदेशमन्त्री टोनी ब्लिङ्कनले ८ मार्चमा भर्चुअल कार्यक्रमका बीच उक्त पुरस्कार प्रदान गरिने दूतावासले जनाएको छ। हाल १५ औं संस्करणमा रहेको सो पुरस्कारले प्रायःजसो ठूलो व्यक्तिगत जोखिम र त्यागमा शान्ति, न्याय, मानव अधिकार, लैंगिक समानता र महिला सशक्तीकरणको वकालत गर्ने असाधारण साहस र नेतृत्व प्रदर्शन गरेका विश्वभरका महिलाको सम्मान गर्नेछ ।



मोडेल : ममता खड्का


विद्यार्थी, शिक्षक, कर्मचारी
परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६

अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी — ध्यू, छुर्पी
गोल्डेन टी — अकवरे खोर्सानी
ह्वाईट टी — किवि फल, ललीपप
अर्थोडक्स टी — ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलव्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रशोधन उद्योग, साखेजुङ-४, इलाम




विविध जातका फुलका विरुवा तथा विउविज्ञनका लागि हामीलाई सम्झनुहोस् ।
न्यू उदेश नर्सरी
भद्रपुर-८, झापा



निर्माण जगतमा
मजबुद नाम
मनषा सिमेन्ट




वितामोड नगरपालिका
वितामोड (झापा) प्रदेश नं. १ को
जनहितमा जारी सन्देश
"पूर्वाधार नगर, विषादिरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वास्थ्य नागरिक विर्तामोड नगरपालिकाको समृद्धि"
- सडकको अधिकार क्षेत्रभित्र निर्माण सामग्री नराखौं ।
- घर निर्माण गर्दा इजाजत लिएरमात्र निर्माण कार्य शुरु गरौ
- भवन निर्माण गर्दा नगरपालिकाले स्वीकृत गरेको मापदण्डभित्र कम्तीमा २ वटा विरुवा रोपण गरौं । जग्गा खण्डीकरण गर्दा नगरपालिकाको पूर्व स्वीकृत लिनु अनिवार्य छ ।



निर्माण जगतमा
एक मजबुद शक्ति
ने.गु.नं. ३८५



ISO 9001:2008
Reg. No. RQ977/6760
गोरखकाली सिमेन्ट
AN ISO 9001:2008 CERTIFIED COMPANY

नेपाल स्वर्णकला भवन
भद्रपुर-६ (झापा)
फोन नं. : ०२३-५२०३५९
म्यानेजिङ्ग डाइरेक्टर
सुभाषरत्न शाक्य
झापाको एक मात्र २४ क्यारेटको रसायन बिनाको गहनाको लागि
यहाँ हरेक डिजाइनका सुन र चाँदीका गहनाहरु ग्यारेन्टीका साथ बनाइन्छ ।
बिहीबार पसल बन्द रहने छ ।

ओम साई पाथीभरा हस्पिटल प्रा.लि.
भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा ❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०


नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु अफसेट प्रिन्टीङ् प्रेस, बुद्धशान्ति

# सम्पादकीय

## काँग्रेसले नयाँ पुस्तालाई अगाडि बढाउँदा अब्बल बन्न सक्छ

सर्वोच्च अदालतको फैसलापछि नेपालमा विधिको शासन कायम रहेको सन्देश दिएको छ । मुलुक व्यक्तिको अहंकारले होइन विधिले चल्नुपर्छ भन्ने सन्देशका साथ सर्वोच्च अदालतको फैसलाले प्रधानमन्त्रीलेको दम्भबाट अपहरण भएको संविधानलाई अपहरण मुक्त गराएको छ । अहिलेको प्रमुख दायित्व संविधानको रक्षा गर्नु हो । वर्तमान संविधानका पक्षमा रहेका शक्तिहरू प्रधानमन्त्री बन्ने होडमा लाग्ने समय होइन । लोकतान्त्रिक व्यवस्थामाथि गिद्दे दृष्टि लगाउने प्रवृत्तिलाई निस्तेज गर्ने गरी दलहरूमा राष्ट्रिय एकता कायम हुनु आजको आवश्यकता हो । फेरि पनि ओली प्रवृत्तिलाई बोकेर हिँड्ने वा ओलीको बुइ चडेर अगाडि बढ्न खोज्ने हो भने उनले शासन सम्हालेदेखि नै उनीबाट भए/गरेका असंवैधानिक कदमको विरोध गर्नुको औचित्य के रहला ? पदको लुछाचुँडीकै कारण विभाजित नेकपा वैधानिकरूपमा विभाजन नभएको अवस्थामा सरकारको नेतृत्व नेकपाबाहेक अरू दलको पोल्टामा पर्ने संभावना छैन । तैपनि नेकपाको दुई समूहबीच सतहमा देखिएको विवाद हेर्दा मिल्ने सम्भावना कमै देखिन्छ । यद्यपि, साख र जनविश्वास गुमाइसकेको नेकपाको नेतृत्वलाई विश्वास गरिहाल्ने अवस्था भने छैन । नयाँ सरकारको नेतृत्व हत्याउने होडमा उनै पुराना अनुहार दोहोरिन थालेका छन् । जसले गर्दा नेपाली जनतामा अहिलेको राजनीतिक व्यवस्थाप्रति नै वितृष्णा पैदा हुन थालेको छ । नेपाली जनताको मनोभावनाको कदर गर्दै केही नयाँ परिवर्तनको अनुभूति हुनेगरी युवा पुस्ताको नेतृत्वमा सरकार गठन गर्नेतर्फ लाग्ने हो भने बल्ल जनतामा लोकतान्त्रिक व्यवस्थाप्रतिको विश्वास बढ्न सक्छ । पुरानो पुस्ताले आफ्नै अभिभावकत्वमा नेतृत्व विकास र हस्तान्तरणको परिपाटी थालनी गर्न सकेमात्र लोकतान्त्रिक व्यवस्था संस्थागत हुन सक्छ । उमेरमात्रलाई परिपक्वता नमानेर क्षमता, अनुभव, गतिशीलता र लोकप्रियतासहितको क्रियाशील युवा नेतृत्वको सरकार मुलुकले खोजिरहेको देखिन्छ । पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, पुष्पकमल दाहाल, बाबुराम भट्टराई, माधवकुमार नेपाल, झलनाथ खनालले सरकार नेतृत्वका लागि कुनै लोभ लालच नराखी सक्षम तथा लोकप्रिय युवा प्रधानमन्त्री चयन गर्ने हो भने उनीहरूमाथि लागेको पदलोलुपको आरोप मेटिनेछ । नेपाली जनताले युवा प्रधानमन्त्री प्राप्त गर्नेछन् । देशले उन्नतिको बाटो पाउन सक्ने थियो । परम्परागत राजनीति भित्रका विकृति बिदा हुने थिए ।

नेकपा र मधेसकेन्द्रित दललगायतको समूहले नेपाली कांग्रेसको युवा पुस्तालाई प्रधानमन्त्रीको रूपमा स्वीकार्ने प्रस्ताव गरेमा कांग्रेसले कस्तो निर्णय लेला यो प्रतीक्षाको विषय भयो ।नेपाली कांग्रेसको नेतृत्वमा सरकार बन्ने परिस्थिति पैदा भएमा संसदीय दलको नेताको हैसियतले सभापति शेरबहादुर देउवा नै प्रधानमन्त्री हुन तयार होलान् तर अन्य दलबाट नेपाली कांग्रेसभित्र युवा प्रधानमन्त्री बनाउनुपर्ने प्रस्ताव आयो भने कांग्रेस यस्तो अग्रगामी निर्णय लिनपछि हट्नु हुँदैन । राजनीतिक इतिहासको विभिन्न कालखण्डमा नेतृत्वमाथि लागेका पदलोलुपताका आरोप किनारा लगाउने उपयुक्त समय पनि यो अवसर हुनसक्छ । आफ्नो दलभित्र सक्षम, गतिशील, लोकप्रिय युवा नेतालाई अगाडि सारेर कांग्रेस नेतृत्वले जनभावनाको कदर गर्न सके आगामी दिन नेपाली जनताका लागि सुखद हुने अपेक्षा गर्न सकिन्छ । युवा प्रधानमन्त्रीको विषय उठान गर्दै गर्दा पाका नेताहरूमा ईर्ष्या पलाउन सक्छ । नेपालको परिवेशमा केही अपवाद छोडेर विभिन्न राजनीतिक दलको नेतृत्व सम्हालेका पाका नेताहरू मुलुकको प्रधानमन्त्री भइसकेका छन् । नेपाली जनताले तिनको कार्यक्षमता देखिसकेका छन् । पाका नेता प्रधानमन्त्री बन्न नै हुँदैन भन्ने त होइन तर अहिले नेपाली जनताको मनोभावना युवा नेतृत्वको खोजमा छ । जनताले प्रत्यक्षरूपमा परिवर्तनको अनुभव गर्न नपाएकै कारण यो व्यवस्थाप्रतिको आकर्षण पनि न्यून बन्दै गएको हो । ऊर्जावान युवा नेताको नेतृत्वमा देशले काँचुली फेर्न सक्ने विश्वास जनतालाई दिलाउँदै वर्तमान व्यवस्थाप्रति सकारात्मक सन्देश जाने गरी युवा नेतृत्वलाई अगाडि बढाउने हो भने जनतामा आशाको सञ्चार हुनसक्छ । मुलुकले युवा प्रधानमन्त्री पायो भने मुलुकमा आर्थिक क्रान्ति सुरु हुने संभावना बढ्छ । विदेशमा रहेको युवा श्रम शक्तिको आकर्षण आफ्नै मुलुकप्रति हुनसक्छ । दिनहुँ पलायन हुने श्रम शक्ति आफ्नै मुलुकमा रोकिन सक्छ । नेपालको भविष्य कृषि क्रान्तिले नै निर्धारण गर्नसक्छ । जोस, जाँगर र ऊर्जा भएका युवा नेतृत्वले नै कृषि क्रान्तिलाई सार्थक तुल्याउन सक्नेछन् । यतिबेला कांग्रेसका शीर्ष नेताहरू एकैठाउँमा बसेर गम्भीर छलफल गर्नुपर्छ । अहिले आन्तरिक किचलोमा लाग्ने समय होइन । लोकतान्त्रिक व्यवस्थालाई बचाउन पार्टीभित्रै आन्तरिक छलफल आवश्यक छ । गणेशमान सिंहको जस्तो त्यागको भावना नेतृत्व पंक्तिमा पलाउने हो भने लोकतान्त्रिक व्यवस्थामा कसैले वक्र दृष्टि लगाउन सक्नेछैन । लोकतन्त्र रहेमात्र मुलुकको शासनसत्तामा नेपाली कांग्रेसको नेतृत्व रहिरहन सक्छ । काँग्रेसको नेतृत्वमा चेतना हुने हो भने अहिले सत्तामा नगएर नेकपाको भाँडभैलोको रमिते मात्र हुँदा काँग्रेस लोकप्रिय पार्टी बन्न सक्छ ।

# हिन्दु धर्मले स्विकारेको समलैंगिक सम्बन्ध

–भिक्षु कश्यप

बालबालिकामा पुरुष वा महिला का सबै लक्षण विकास भइसकेका हुँदैनन् । पुरुष वा महिला भनेर छुट्याउने एउटै स्पष्ट लक्षण यौनांग हो । वयस्क हुदै जाँदा महिला वा पुरुष छुट्याउने अरू लक्षण, चिह्न र संकेत विकास हुँदै जान्छन। पुरुषको दारीजुँगा आउने, मांसपेशी कडा हुने, स्तन नबढ्ने, रुद्रघन्टी देखिने आदि । महिलाको छाला र शरीर नरम हुने, स्तन बढ्ने, रजस्वला हुने आदि ।

अल्पसंख्यक बालबालिकामा भने अलिकति फरक तरिकाले चिह्न वा संकेत विकास हुन्छन् । उनीहरूमा बालिका यौनांग भए पनि हुर्किँदा पुरुषमा हुने संकेत देखा पर्न सक्छन् । त्यस्तै बालक यौनांग भए पनि हुर्किँदा महिलामा हुने चिह्न देखा पर्न सक्छन् । यस्ता व्यक्तिलाई पूर्वीय दर्शनमा तेस्रो लिंगी भनिएको छ । केही बालबालिका जन्मिँदा स्पष्ट यौनांग नदेखिन पनि सक्छ । महिला पुरूष प्रस्ट नभएर दुवैथरी यौनांग मिसिएकालाई उभय व्यञ्जक भनिन्छ । कुनै पनि यौनांग नदेखिनेलाई पाण्डक भनिएको छ । आधुनिक भाषामा अन्तरलिंगी भनिन्छ ।

तेस्रोलिंगी शब्दलाई लिएर निकै भ्रम छ । यहाँ तेस्रो शब्दले क्रमका आधारमा दर्जा छुट्ट्याउने अर्थ लगाउँदैन । बरू यसले हाम्रा बाहिरी दुई आँखाबाहेक हामीभित्र जुन तेस्रो आँखा हुन्छ भनिन्छ, त्यस्तै तेस्रोको अर्थ लगाउँछ । बालबालिका हुँदा देखिएका यौनांगका विशेषताभन्दा अलग, हुर्किँदै जाँदा विस्तारै देखिँदै जाने, आम महिला र पुरुषभन्दा फरक, विशेष तेस्रो लिंगी व्यक्तिहरू पनि छन् भन्ने अर्थमा तेस्रोलिंगी शब्द प्रयोग भएको पाइन्छ ।

पूर्वीय दर्शनमा तीन वा बढी लैंगिक मानवजातिको अस्तित्व स्वीकार गरिएको छ । पश्चिमा दर्शनमा भने दुईथरी लैंगिक मान्छे मात्र स्वीकारिएको छ । त्यसैले बालक पुरुष भएर हुर्किन सकेन भने पारितिर जाऊ र महिला बन र बालिका महिला भएर हुर्किन नसके पुरुष बन भन्ने बाध्यता रहन्छ । र अन्तमा मान्छेलाई पुरुष वा महिलाकै क्याटेगोरी मा बस्न बाध्य बनाएको पाइन्छ ।

पश्चिमा भाषा, संस्कृति, सामाजिक, आर्थिक, राजनैतिक सोचको प्रभाव व्यापक छ विश्वभरी । पश्चिमा सभ्यताबाट आएको सबै कुरा कुनै प्रश्नै नगरी हामी लागू गर्न तयार छौं । तर पूर्वीय सभ्यता, भाषा, संस्कृतिलाई अन्धविश्वास वा अवैज्ञानिक मान्ने प्रवृत्ति बढ्दै गएको छ । ट्रान्सजेन्डर सम्बोधन इज्जत साथ लिने र तेस्रोलिंगीलाई हेय भावले हेर्ने चलन छ हामीकहाँ । तेस्रोलिंगी नराम्रो वा अपमानजनक सम्बोधन विल्कुलै होइन । समलिंगी भनेको समान लिंगीप्रतिको यौन वा प्रेम आकर्षण हो । महिला भएर महिलाको चाहना राख्ने वा पुरुषले पुरुषको चाहना राख्ने व्यक्तिलाई समलिंगी भनिन्छ ।

दुई दशक पार भइसक्यो नेपालको यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले आफ्नो पहिचान र अधिकारका लागि लडेको । केही उल्लेख्य उपलब्धि हासिल पनि गरेको छ । समाजले स्वीकार गर्ने अनुपात पहिलाभन्दा केही बढेको छ । तर सामान्य जीवन बाँच्न मिल्ने वा सक्ने गरी न्यूनतम अधिकार र कानुन छैन । परिवारले बेदखल गर्ने, काम नपाउने, डेरा नपाउने, नागरिकता पाउन झन्झट, खुलेर व्यापार(व्यवसाय गर्न गाह्रो, सार्वजनिक रूपमा गाली बेइज्जतीको शिकार लगायत थुपै समस्या यथावत छन् । यसले यो समुदाय सिमान्तकृत नै छ, आर्थिक अवस्था पनि कमजोर छ ।

२०६४ सालमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई प्रतिनिधित्व गर्ने विभिन्न संस्था- नीलहिरा समाज, मितिनी, क्रुजएड्स, परिचय समाज लगायत मिलेर यौन अभिमुखीकरण तथा लैंगिक पहिचानको आधारमा हुने भेदभाव प्रतिबन्ध गर्ने कानुन माग गर्दै रिट हालेका थिए । ६ पुस, २०६४ मा सवीच्चले समलिंगी विवाहलाई मान्यता दिने कानुन निर्माण र संशोधन गर्न सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको थियो । न्यायाधीश बलराम केसी र पवनकुमार ओझा इजलासको आदेशमा भनिएको छ, कुनै व्यक्तिले स्वअनुभूति अनुसार लैंगिक पहिचान गरेपछि उसको जैविक लिंग के हो, कस्तो यौनसाथी रोज्नुपर्ने हो, कस्तो व्यक्तिसँग विवाह गर्नुपर्ने हो भन्ने निर्धारण अरू व्यक्ति, समाज, राज्य वा कानुनले गरिदिने होइन । यो नितान्त वैयक्तिक आत्मनिर्णयको अधिकारमा पर्छ । सवीच्चले समलिंगी विवाहसम्बन्धी अध्ययन गर्न उच्चस्तरीय समिति बनायो र समितिले भनेअनुसार कानुन निर्माण गर्न सरकारलाई निर्देशन दियो । कविराज पाठकको संयोजकत्वमा बनेको समितिमा हरि फुयाँल, चैतन्य मिश्रलगायत प्रहरी र मानव अधिकार आयोगका प्रतिनिधि पनि थिए । समितिले बृहत् अध्ययन गरी तीन वर्षअगाडि प्रधानमन्त्री कार्यालयलाई बुझाएको प्रतिवेदनमा समलिंगी विवाहलाई मान्यता दिनुपर्ने उल्लेख छ । तर आजसम्म पनि सरकारले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सदस्यले बिहे गर्न पाउने गरी कानुन ल्याएको छैन ।

हाम्रो संविधान, ०७२ को धारा १२, १८ र ४२ ले यौनिक तथा अल्पसंख्यकको अधिकार सुरक्षित गरेको छ । समानता र पहिचान हकको ग्यारेन्टी गरेको छ । यसविपरीत मुलुकी ऐन संशोधन गर्न ल्याइएको देवानी संहिता २०७४ को विवाहसम्बन्धी व्यवस्थामा, पुरुष र महिलाले कुनै उत्सव, समारोह वा अन्य कुनै कार्यबाट एकअर्कालाई पतिपत्नीका रूपमा स्वीकार गरे विवाह भएको मानिने छ । यसले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिलाई विवाहको अधिकारबाट बञ्चित राख्छ । त्यस्तै गरी फौजदारीसंहिताले महिला मात्र बलात्कार हुनसक्ने कानुनी अवधारणा राखेको र त्यसैअनुसार अपराध किटान र सजाय व्यवस्था गरेकाले समलिंगी वा कोही पनि पुरुष तथा तेस्रो लिंगी बलात्कृत भएमा न्याय पाउने अवस्था छैन । अझ अचम्मको कुरा, मानवअधिकारमा काम गर्ने यति धेरै संघसंस्था छन् तर कसैले पनि देवानी संहिता २०७४ को विवाह सम्बन्धी व्यवस्था लगायत अन्य विभेदकारी कानुनविरूद्ध अदालतमा रिट निवेदन हालेका छैनन् ।

विश्वका करिब ७० देशले वयस्कबीचको समलिंगी सम्बन्धलाई धेरै थोरै कानुनन् अपराध मानेका छन् । यीमध्ये सबैले पुरुष समलिंगी सम्बन्धलाई अपराध मानेका छन् भने ३८ देशले महिला समलिंगी सम्बन्धलाई पनि अपराध मानेका छन् । कम्तीमा ९ देशले तेस्रोलिंगीको लैंगिक प्रस्तुतिलाई समेत अपराध मानेका छन् । दक्षिणी सुडानमा पुलिंगीले महिलाको भेष धारण गर्नुलाई मात्र अपराधी मानेको छ, स्त्रीलिंगीले पुरुष भेष गर्नु अपराध मान्दैन । मलावीमा लामो कपाल पाले वा नक्कली लामो कपाल लगाएमा अपराध मानिन्छ । टोंगामा पनि सार्वजनिक ठाउँमा पुलिंगीले महिलाको भेष गरे वा आफूलाई महिला रूपमा प्रस्तुत गरे अपराध मानिन्छ । नेपाल, भारत, भुटान, जापानसहितका बाँकी देशले समलिंगी सम्बन्ध र तेस्रोलिंगीलाई कानुनन् अपराध मानेका छैनन् ।

समलिंगी विवाहलाई कानुनन् अनुमति दिने पहिलो देश नेदरल्यान्ड्स हो, सन् २००१ देखि । आजसम्म करिब ३० देशले समलिंगी विवाहलाई कानुनन् मान्यता दिएका छन् । नेपालको सवीच्च अदालतले २०६४ सालको फैसलामै सरकारलाई कमिटी बनाएर अध्ययन गरी समलिंगी विवाहको कानुन बनाउनु भनेको थियो । कमिटीले अध्ययन गरेर वैवाहिक(समानता हुने गरी कानुन बनाउन सुझावसहित सरकारलाई प्रतिवेदन बुझाएको करिव ८(९ वर्ष भइसक्यो । सरकारले यस विषयमा काम अघि बढाएकै छैन ।

वैवाहिक संस्था पितृसत्तात्मक सामाजिक प्रणालीको आधार हो । किनकी पितृसत्ता टिकाइ राख्न पुरुषलाई पुत्र वंश आवश्यक हुन्छ । सन्तान उत्पादनका लागि महिलाको आवश्यकता अपरिहार्य भएकाले वैवाहिक संस्था खडा गऱ्यो र महिलालाई पारिवारिक र सामाजिक हिस्सा बनायो । तर समलिंगी सम्बन्धबाट सन्तान उत्पादन नहुने, वंश निरन्तरता नपाउने भएकाले समलिंगी सम्बन्धलाई पित्तृसत्ताले स्वीकार गर्न मान्दैन । त्यसैले आज विश्वमा जति पनि स्थापित पित्तृसत्ताका पक्षपोषण गर्ने, धार्मिक सम्प्रदाय छन् तिनले समलिंगी सम्बन्धलाई या त अस्वीकार गरेका छन् या सिमान्तकृत । सिमान्तकृत हुँदाहुँदै पनि स्थानीय चाडपर्व तथा जात्रामा तेस्रोलिंगी वा पुरुषले महिला भएर भाग लिने चलन पुरानो हो नेपालमा । मारूनी, गाईजात्रा, रोपाइँजात्रामा पुरुषले महिला भेष गर्ने वा तेस्रोलिंगी सहभागी हुने, तराईका नटुवा, मधेशका हिजडाहरू चाडपर्वमा भाग लिने वा रत्यौलीमा केही महिला पुरुष भेषमा प्रस्तुत हुने चलन निकै पुरानो हो । त्यसकारण समलिंगी, तेस्रोलिंगी समुदायको अस्तित्व नेपाली समाजले स्वीकार गेरको छ । तर मूलधारमा आउन दिएको छैन ।

इस्लाममा समलैंगिकतालाई हराम, पाप मानिएको छ । कुरानअनुसार समलैंगिकता एउटा अपराध हो । महिला समलैंगिक सम्बन्धलाई लिएर इस्लामिक धार्मिक ग्रन्थमा त्यति धेरै टीकाटिप्पणी छैन । हदीसमा कहीँ कहीँ उल्लेख पाइन्छ । एउटा हदीसमा लेखिएअनुसार ुयदि कुनै महिला समलैंगिक कृत्यमा लिप्त भएको पाइए उसलाई सजाय दिनुपर्छ । किनकी समलैंगिकता पाप हो । संसारका इस्लामिक देशहरूमा समलिंगीका लागि निकै कडा सजाय छ । खाडी र अफ्रिकाका धेरै मुस्लिम देशमा समलैंगिकताका लागि फाँसी दिनेसम्म सजाय प्रावधान छ । अन्तरलिंगी र तेस्रोलिंगीबारे भने इस्लाम धर्म ग्रन्थ मौन छ । उनीहरूलाई सामाजिक स्तरमा दायराको किनारमा रहनुपर्ने गरी स्वीकार गरिएको पाइन्छ । पाकिस्तानमा ख्वाजासराइ, भारतमा हिजडा समुदाय सामाजिक रूपमा किनारमा रहनेगरी स्वीकारिएका छन् । तर उनीहरूलाई परिवारका साथ वा समाजमा हेलमेल हुन बन्चित गरिएको छ । नाच(गान, बधाइ माग्ने र वेश्यावृत्ति गरेर जीवन गुजारा गर्नुपर्ने बाध्यता छ ।



ईसाई धर्मका विभिन्न पंथहरूमा समलिंगीलाई लिएर अलग अलग मान्यता छन् । रोमन क्याथोलिक चर्चका अनुसार समलैंगिकता एक अप्राकृतिक सोच हो । समलिंगीलाई पापी भनिएको छ । बाइबलमा सोडोम सहरको उल्लेख छ जसलाई प्रभु परमेश्वर आफैंले ध्वंश गरेका छन् । कथाअनुसार जब सोडोम सहरमा पाप बढ्न थाल्यो तब परमेश्वरले जाँच गर्न केही देवदूत पठाए । तर त्यहाँका पुरुषले ती देवदूतसँग समलैंगिक सम्बन्ध बनाउन खोजे । परमेश्वर क्रोधित भएर पूरै सोडोम सहर ध्वस्त पारिदिए । ईसाई अनुयायीहरू यो कहानीमा पूरा विश्वास गर्छन । यही कथाको प्रभाव स्वरूप बेलायत लगायत कयौं ईसाई देश र तिनका उपनिवेश देश जस्तै भारतमा कानुन बन्दा समलिंगी सम्बन्धलाई गैरकानुनी बनाए । त्यस्तो कानुनलाई आजसम्म पनि सोडोमी कानुन भनिन्छ । तर अर्थीडक्स् चर्चले केही दशकयता समलैंगिकतालाई स्विकारेको पाइन्छ । अर्थीडक्स् चर्चले भनेको छ, समलिंगी सम्बन्ध समलिंगीका लागि सास फेर्ने अक्सिजनजस्तै हो । यदि उनीहरूलाई एकअर्काबाट अलग गरिदियो भने उनीहरूको मानसिक स्वास्थ्यमा विपरीत प्रभाव पर्न सक्छ । प्रोटेस्टेन्ट चर्च पनि समलैंगिकतालाई लिएर उदारता देखिएको छ । समलैंगिक विवाहलाई अन्य विवाहजस्तै चर्चमा गर्न पाउने अनुमति दिएको छ ।

बौद्ध धर्ममा गृहस्थहरूका लागि पञ्चशीललाई प्रमुख मानिएको छ । तेस्रो शीलमा भनिएको छ, कुनै पनि व्यक्तिले यौन मिथ्याचार गर्नु हुँदैन । तर समलैंगिकता वा विपरीत लैंगिकता आफैंमा यौन मिथ्याचार हो वा होइन भनेर चर्चा गरिएको छैन । सामान्यतया गृहस्थ व्यक्तिले एक मानिससँग मात्र यौन सम्बन्ध राख्छ भने त्यसलाई यौन मिथ्याचार मानिँदैन । भिक्षु र भिक्षुनीले भने सबै प्रकारका यौन क्रियाकलापबाट टाढै राख्नुपर्छ आफूलाई । ताइवान विश्वमा पहिलो बौद्ध देश हो जसले समलिंगी विवाहलाई मान्यता दिएको छ, सन् २०१९ देखि ।

जैन धर्ममा साधू साधवीले कुनै पनि किसिमको यौन सम्बन्ध राख्नु हुँदैन, पूरा ब्रह्मचर्य पालन गर्नु भनिएको छ । आम धर्मावलम्बीहरूले यौन सम्बन्ध राख्न पाउँछन् तर त्यो भनेको सन्तान उत्पादनका लागि मात्र हुनुपर्छ । सन्तान उत्पादन नहुने गरी, मनोरञ्जनका लागि पतिपत्नीको यौन सम्बन्ध पनि अनुचित हुन जान्छ । यस्तो कर्मले पाप हुन्छ, पतन हुन्छ भनिएको छ । यसरी जैन धर्मले समलैंगिक सम्बन्धलाई स्वीकार गर्दैन किनकी यस सम्बन्धबाट सन्तान हुँदैन ।

शिख धर्मग्रन्थमा समलैंकिताबारे कुनै लिखित मान्यता छैन, कुनै उल्लेख गरिएको छैन ।

हिन्दु धर्म समलिंगी र अझ बढी तेस्रोलिंगीका लागि तुलनात्मक रूपमा उदार छ । ऋगवेदमा समलैंगिकता विकृति भनिएको छ । विकृतिको अर्थ हिजोआज नकारात्मक भएको छ जबकि पुरानो जमानामा प्रकृतिलाई कारण र विकृतिलाई कार्य मानिन्थ्यो । सांख्य शास्त्रमा प्रकृति विज र विकृतिलाई अंकुर हो भनेर उदाहरण दिइएको छ । अर्थात् प्रकृतिका कारण भित्रैबाट परिवर्तन हुने क्रिया विकृति हो । ऋगवेदमा समलैंगिक विषयमा चर्चा विकृतिः एवम प्रकृतिः शीर्षकमा गरिएको छ । प्राचीन भारतीय उपमहाद्वीपमा समाजका सबै प्रकारका विविधतालाई संस्कृति, कला र साहित्यहरूमा समाहित गरिएको छ ।

पौराणिक कथा अग्नि पुराण ३।१२, (महाभारतमा पनि यो कथा आएको छ) का अनुसार समुद्रमन्थन बेला जब देवता र असुरहरूमा अमृतलाई लिएर झगडा हुन्छ, तब देवताहरूलाई डर लाग्छ, कतै असुरहरू अमृत खाएर अमर हुने त होइनन् भनेर । उनीहरू भगवान विष्णुकहाँ जान्छन् र प्रार्थना गर्छन् असुरहरूलाई रोक्नुपऱ्यो । तब भगवान विष्णुले मोहिनी अवतार लिएर सबै असुरलाई मोहित पारी देवतालाई मात्र अमृत पान गराउन सफल हुन्छिन् ।

अर्की पौराणिक कथाअनुसार भस्मासुर राक्षसले अर्काको टाउकोमा हात राखे त्यो व्यक्ति भस्म हुने वरदान भगवान शिवबाट पाएको थियो । भस्मासुरले यो शक्तिबाट देवी(देवतालाई नै भस्म पार्न थाल्यो र शिवमाथि पनि जाइलाग्यो शिव डरले भाग्दै विष्णुकहाँ गए र सहायता मागे । विष्णुले एउटा सुन्दर स्त्री रूप धारण गरे । भस्मासुरलाई आकर्षित गरे र भने, मैलेजस्तै नृत्य गर्न सके मसँग विवाह गर्न पाउँछौ । नृत्यमा भस्मासुरले विष्णुको नक्कल गर्न थाल्यो । उचित मौका हेरेर विष्णुले आफ्नो हात आफ्नो शीरमा राखे, भस्मासुरले पनि त्यही गऱ्यो । भस्मासुर आफ्नै वरदानको शक्तिले आफैं भस्म भयो । यसपछि शिव पनि विष्णुको मोहिनी रूपमा मोहित भए । विष्णु र शिवको समागमबाट अयप्पाको जन्म हुन्छ जसको दक्षिण भारतमा आज पनि पूजा हुन्छ । विष्णु र शिवको यो मिलनलाई हरिहर भगवान भनिन्छ र अयप्पालाई हरिहर पुत्र ।

यस्तै कथा गंगा नदीलाई स्वर्गबाट धरतीमा ल्याउन तपस्या गर्ने भागिरथको पनि छ । उनको जन्म दुई माताको मिलनबाट भएको हो । गुह्येश्वरी मन्दिरको मूल ढकामा तेस्रोलिंगीको चित्र अंकित छ । पाटन, काठमाडौं, भक्तपुर लगायत अधिकांश पुराना मन्दिरका टुँडालमा विपरीत लिंगीसँगै समलिंगी यौन आकृति थुप्रै कुँदिएका छन् । भारतको कोणार्क, जगन्ननाथ पुरी र खुजराहोमा पनि समलैंगिक सम्बन्ध दर्शाउने मूर्ति प्रशस्तै भेटिन्छन् । यसले देखाउँछ, प्राचीनकालमा सबैखाले लैंगिकता र काम(वासना स्विकारिएको थियो । समाज यति सहिष्णु र खुला विचारको थियो, तेस्रोलिंगी र समलिंगी प्रेम सम्बन्धका मूर्ति स्वतन्त्र रूपले बनाउन पाउने मात्र होइन, यिनीहरूलाई मन्दिरको मुख्य हिस्सा पनि बनाइएको थियो ।

वैदिक संस्कृत भाषामा दोहोरो सर्वनाम पनि छ (नेपाली भाषामा पनि छ), एकवचन र बहुवचनबाहेकको दुईवचन । यो जोडीको संकेत मान हो । धर्म शास्त्रहरूमा मित्र, मीत, मितिनी, बन्धु, सखा, सखी आदिलाई सामान्य साथी भन्दा निकै घनिष्ठ र गहिरो सम्बन्ध मानिन्छ र सम्मान गरिन्छ । देवी(देवतालाई प्रायः जोडीमा देखाइएको छ । तर जोडी जहिल्यै विपरीत लिंगी नै हुनुपर्छ भन्ने छैन । ऋगवेदमा इन्द्र सधैं अग्नि वा सोमाका साथ देखा पर्छन्, तीनै जना पुरुष हुन् । मित्र (सूर्यदेवको अर्की नाम) जहिल्यै पनि वरुणसँगै देखा पर्छन् दुवै पुरुष हुन् । कथाअनुसार मित्र र वरुण दुवैले एकपटक अप्सरा उर्वशीलाई देखेर उत्तेजनामा आएर एउटै भाँडोमा वीर्य स्खलन गर्छन् । ऋषि अगस्त्य र वशिष्ठको जन्म हुन्छ ।

मन्दिर, पूजा र चाडपर्वमा पनि कहिलेकाहीँ देवीको जोडी नान्दा र सुनन्दा, चामुन्डा र चोटिला, तारा र तारिणी, ज्येष्ठा र कनिष्ठा, गंगा र गौरी देख्न सकिन्छ । देवी तन्त्रमा यस्तो लक्ष्मीको आह्वान गरिन्छ जसले विष्णुको मोहिनी रूपलाई मात्र मन पराउँछिन् । विपरीत लिंगी यौनसम्बन्ध मात्र मन्दिरमा अभिव्यक्ति हुनुपर्छ भन्ने कुरा महत्त्वपूर्ण थिएन ।

हिन्दु पौराणिक कथाले विविधता स्वीकार मात्र गरेको छैन, महत्वपूर्ण पनि मानेको छ । मेनका जस्ता अप्सराले बच्चा जन्म दिएर वनमा छाड्छिन् । कन्व जस्ता एकल पुरुषले हुर्काउँछन् बच्चालाई । यो विपरीत लिंगी परिवारको चित्रण त पक्कै होइन । जटिलाजस्ता महिलाका धेरै पति थिए । भृंगी ऋषिले शक्ति देवीलाई अस्वीकार गर्छन् । शिवको मात्र पूजा गर्न रूचाउँछन् । योगिनीहरूले पति राख्न मान्थेनन्, महिला समूहमा बस्थे । नाथ जोगीहरू पत्नी राख्दैनन् र पुरुष समूहमा बस्छन् । सबैका लागि ठाउँ हुनुपर्छ । त्यो ठाउँ विभेद र अन्यायमा आधारित होइन, समावेशी र न्यायमा आधारित हुनुपऱ्यो । धर्ममा आधारित हुनुपऱ्यो । करुणा, पारस्परिक हित र सामाजिक दायित्व ।

अब समय आइसक्यो, सरकारले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिले रुचाएकै व्यक्तिसँग कानुनीरूपमा सम्बन्ध स्थापित गरी आफ्नो घरबार तथा परिवार सुरू गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्छ ।

–सेतोपाटी

साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

# युवामा घट्दै प्रजनन क्षमता, निम्तिँदै निःसन्तानपन

–डा अनुपमा सुवाल गुरुङ

विवाहपछि अधिकांशको सन्तान जन्माउने चाहना हुन्छ । तर सबै दम्पतीका लागि सन्तानको जन्म सामान्य हुँदैन । निकै प्रयासका बाबजुद पनि केही दम्पतीले सन्तानको सुख पाउन सकिरहेका हुँदैनन् । अहिले नेपालमा पनि निःसन्तानपन ठूलै समस्याका रुपमा छ । यो समस्या वर्षेनी बढ्दो देखिन्छ । सामान्यताः कुनै पनि दम्पतीले प्राकृतिक रुपमा एक वर्षसम्म सन्तानको प्रयास गर्दागर्दै पनि नभए त्यसलाई निःसन्तानपन भनिन्छ ।

उमेर जति बढ्दै गयो समस्या पनि बढ्दै जान्छ । कसैको ३८र४० वर्षमा विवाह भएको छ भने प्राकृतिक रुपमा होस् भनेर एक वर्षसम्म कुरेको राम्रो हुँदैन । यद्यपि अन्य उमेर समूहका लागि प्रयास गरेको एक वर्षसम्म पनि सन्तान नभए चिकित्सकसँग परामर्श लिनुपर्छ । प्राकृतिक रुपमा गर्भवती हुन आधारभूत यी चार वटा कुरा सामान्य हुन आवश्यक छ । एक, श्रीमानको वीर्य । दोस्रो, श्रीमतीको पाठेघर स्वस्थ हुनुपर्छ। । तेस्रो, महिलाको अन्डा उत्पादन गर्ने शक्ति राम्रो हुनुपर्छ र चौंथो, ट्युब खुलेको हुनुपर्छ ।

हामीले चार वटा कुरालाई आधार मानेर हेरेपछि मात्र समस्या के हो भनेर पत्ता लगाउन सक्छौं । महिलामा मधुमेह, थाइरोइड, रक्तचाप, महिनावारी गडबडी छ कि भनी हेर्छौं । पहिले सन्तान खेर गएको छ या सेतो पानी बग्ने समस्या छ कि भनेर पनि हेर्नुपर्छ । पुरुषमा पनि यौन समस्या भए/नभएको, योनीमा चोटपटक लागेको, लागुपदार्थको प्रयोग गर्ने-नगर्ने दुवै हेर्न आवश्यक छ ।

विश्वभर निःसन्तानपनको समस्या ८ देखि १२ प्रतिशतमा देखिएको छ भने नेपालमा १५ देखि १८ प्रतिशत रहेको विभिन्न अध्ययनले देखाउँछ । निःसन्तानपनको समस्या हुनुमा महिला र पुरुष दुवै कारण हुन् । वैदेशिक रोजगारीमा जाने पुरुषमा झन निःसन्तानपनको समस्या बढी भेटिन्छ । पुरुषमा हुने निःसन्तानपनको समस्याका कारण विशेषगरी विर्यको कमी, उमेर, वंशाणुगत या अन्य कुनै रोग हुनसक्छ । महिलामा भने ट्युब ब्लक हुँदा, अन्डा बनाउने शक्ति एकदम कम या धेरै




हुँदा अन्डा उत्पादनमा समस्या हुन्छ। पाठेघरमा ट्युमर भए या संक्रमण भए, वंशाणुगत कारण, हमीनको गडबडी, पटकपटकको गर्भपतन र पाठेघरमा घाउ हुँदा पनि निःसन्तानपनको समस्या देखिन सक्छ । तर, अहिले धेरैमा देखिने आम कारण भनेको महिलामा ट्युब ब्लक, अन्डा उत्पादनमा समस्या, पुरुषमा विर्यको कमी र ढिलो विवाह नै देखिन्छ । समयमै निदान भए समस्या अनुसार उपचार पनि हुन्छ ।

यसको विशेषगरी दुई वटा उपचार हुन्छ । एक, आइयुआई र दोस्रो, आइभिएफ अर्थात टेस्टयुब बेबी । आइयुआई उपचारमा श्रीमानको विर्य या डोनर स्पर्म महिलाको पाठेघरमा प्रोसेस गरेर हाल्ने प्रक्रियालाई इन्ट्रायुटाइन इन्सेमिनेसन अर्थात् आइयुआई भनिन्छ । डोनर स्पर्म श्रीमानको विर्य नभएको अवस्थामा दम्पतीको अनुमति अनुसार मात्र राखिन्छ । आइभिएफ प्रक्रिया कृत्रिम तरिकाबाट हुन्छ । अन्डा बनाउने, अन्डा झिक्ने, श्रीमानको विर्य या डोनरको स्पर्म मिलाएर गर्भाधान गर्नेदेखि लिएर श्रीमतीको पाठेघरमा हाल्ने सबै प्रक्रिया कृत्रिम तरिकाबाट हुन्छ । त्यसैले यसलाई टेस्ट ट्युब बेबी भनिएको हो ।

प्रजनन क्षमता हुने उमेरमै सन्तानको योजना बनाउनु राम्रो हुन्छ । ३५ वर्षपछि महिलाको अन्डा बनाउने शक्ति घट्दै जान्छ। आमाको पेटबाटै महिला सीमित अन्डा लिएर जन्मेका हुन्छन् । जीवनभर महिलाले नयाँ अन्डा बनाउँदैनन। हरेक पटक महिनावारी हुँदा ती अन्डा खेर जान्छन् । ४५ वर्षपछि कृत्रिम तरिकाबाट सन्तान जन्माउन पनि गाह्रो नै हुन्छ । हुन त आइभिएफ ४५/५० उमेरसम्म पनि गर्न मिल्छ । तर छिटो योजना बनाए राम्रो हुन्छ ।

अहिले प्रजनन् क्षमता घट्दै गएको छ । अस्वस्थकर खानपान तथा जीवनशैली, विभिन्न किटनाशक औषधिको प्रयोग, वातावरण प्रदूषण लगायतले पनि महिला र पुरुष दुवैमा प्रजनन क्षमता घट्दै गएको पाइन्छ। ३० वर्षको उमेरका महिलामा अन्डा बनाउने शक्ति १० वर्षअघि ४० वर्षकी महिलामा तुलना गर्‍यौं भने कम पाउँछौं । त्यसैले २५ देखि ३५ वर्षभित्र सन्तान जन्माएको राम्रो हुन्छ । निःसन्तानपनको समस्या आउन नदिन सही उमेरमा दम्पतीले सन्तानको योजना बनाउनुपर्छ । अध्ययन र करिअर भनेर यसलाई धेरै पर सार्नु हुँदैन ।

स्वस्थकर खानपान र जीवनशैली अपनाउनुपर्छ । करिअर तथा अध्ययनको योजना बनाएजस्तै सन्तान जन्माउने पनि योजना बनाउनुपर्छ । प्राकृतिक रुपमा सन्तानको प्रयास गर्दा पनि नभए अनिवार्य रुपमा चिकित्सकको परामर्श लिनुपर्छ। समस्या भए पनि अस्पताल ढिलो गए उपचार गरे पनि सफल हुने सम्भावना निकै कम हुन्छ ।

–स्वास्थ्य खबर

(डा अनुपमा भेनस अस्पतालमा स्त्री रोग तथा आइभिएफ, निःसन्तानपन विशेषज्ञका रुपमा कार्यरत छिन् ।)


मञ्जुश्री गिरी
विराटनगर

विश्वास तिमी थियौ, साथ तिमी थियौ
मेरो शिरमा राखेको हात तिमी थियौ
अहो ! अल्झिएँ र लडेँ, उठ्न सकिनँ
नदेखेझैँ गर्‍यौ यहीँ, बात तिमी थियौ ।

कोही मान्छेहरू बोल्दाबोल्दै रोकिन्छन्
कोही कुरा नबुझी बेस्सरी झोकिन्छन्
हे ईश्वर ! अचम्म पर्छु तिम्रो रचना देखेर
प्रेमिल भएर कोही आँखामा ठोकिन्छन् ।

ती करोडौं तारा र जून कसले बनायो होला ?
नदी र सुमधुर वर्षातको धुन कसले बनायो होला ?
आश्चर्यचकित हुन्छु सृष्टिको रहस्य बुझ्न नसकेर
सबै मान्छेहरूभित्र रातो खून कसले बनायो होला ?

मुक्तकसागर
कात्तिक–मंसिर–पुस, २०७६

## जलथल फुटबल क्लबललाई

# झापा गाउँपालिका अध्यक्ष फुटवल कपको उपाधी

मदरगाछ । झापा गाउँपालिका अध्यक्ष कप फुटवल प्रतियोगिताको उपाधी जलथल फुटबल क्लबले प्राप्त गरेको छ । फाईनेल खेल मंगलबार सम्पन्न भएको छ । फाईनलमा जलथल फुटबल क्लब र ब्रदर्स युनाइटेड चन्द्रगढी बीच भएको प्रतिस्पर्धामा २–१ को गोल अन्तरले चन्द्रगढीलाई हराउँदै जलथलले उपाधि प्राप्त गरेको हो ।

जलथलका तर्फबाट खेलको १५ औं मिनेटमा योगेस गुरुङले गोल लगाए संगै पुनः खेलको २५ औं मिनेटमा मौसम लिम्बुले १ गोल थपेका थिए । खेलको ६५ औं मिनेटमा ब्रदर्सका बिकास राइले एक गोल फर्काए पनि हार टाल्न सकेनन् ।

विजेता बनेको जलथलको टीमले नगद १ लाख १ हजार १११, प्रमाणपत्र र मेडल पाएको छ । त्यसैगरी उपविजेता टीम ब्रदर्सले नगद ५१ हजार १११,



प्रमााणपत्र र मेडलमा चित्त बुझाएको छ । आजका म्यान अफ दी म्याच जलथलका योगेस गुरुङ भए । त्यस्तै बेस्ट डिफेन्समा जलथलका सन्जित राई, हाइग स्कोरर सुनिल खड्का र बेस्ट प्लेयर मौसम लिम्बू भए । बेस्ट किपरमा उपविजेता टिमका आमस टुडु घोषित भए भने राइजिङ स्टार आयोजक टिमका नरेस मुर्मु घोषित भए ।उनीहरुले नगद सहित मेडल,टर्फी र प्रमाणपत्र पाए । झापा गाउँपालिका अध्यक्ष कपमा प्रदेसका ८ वटा टिमले भाग लिएको क्लबका अध्यक्ष डिल्लीराम चुडालले जानकारी दिएका छन् । क्लबका अध्यक्ष डिल्लीराम चुडालको अध्यक्षतामा सम्पन्न भएको प्रतियोगिता समापन कार्यक्रमको प्रमुख अतिथि झापा गाउँपालिका अध्यक्ष जयनारायण शाह रहेका थिए । तेज श्रेष्ठले स्वागत गरेको कार्यक्रममा कुमारमणी पोखरेल, नेत्रप्रसाद उप्रेती लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको संचालन वासु दाहालले गरेका थिए ।













# सुखानी शहिद दिवस औपचारिकता मात्र

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । फागुन २१ गते झापा विद्रोहका शहीदहरूको स्मृति दिवस । यो दिवस मनाउन प्रधानमन्त्री केपि ओली ,सुवास नेम्बाङकासाथै बिप्लव कमरेड पनि आउने र बिर्तामोडमा तयार पारिएको भव्य मन्चबाट सम्बोधन गर्ने तयारी थियो । यसैगरी माधव नेपाल समुहबाट पनि शहिद दिवस कालागि झापा आउने पूर्व प्रचारित कार्यक्रम थियो । तर न प्रम ओली आए न माधवनेपालको टोली । स्वागतमा निर्मित भव्य प्रवेसद्वार र मन्च सुनसान रहे ।

यता नेपाल कम्युनिष्ट पार्टी झापाले झापा विद्रोहका शहीदहरूको स्मृतिमा आज शुक्रवार सुखानीमा श्रद्धाञ्जलि सभा गरेको छ । तत्कालीन शासकको विरुद्धको आन्दोलनमा सहभागी हुँदा २०२८



सालमा सहादत प्राप्त गरेका ५ सहिदको स्मृतिमा नेकपा झापाले श्रद्धाञ्जलि सभा आयोजना गरेको थियो । नेकपा झापा अध्यक्ष वेदराज रेग्मीको अध्यक्षतामा भएको श्रद्धाञ्जलि सभामा नेकपा नेतृ गौरा प्रसाईं, नेकपा झापा इन्चार्ज रविन कोइरालालगायतले सम्बोधन गरेका थिए । कार्यक्रमको सञ्चालन नेकपा झापा सचिव मणिकुमार साम्पाले गरेका थिए ।

सुखानी सहीद स्मृति दिवसका अवसरमा आयोजित श्रद्धाञ्जलि सभामा नेकपा माधव नेपाल समुहमा गनिएका नेताहरुको मात्र उपस्थिति देखिन्थ्यो ।

# बलात्कृत सन्थाल महिलाले पाईनन् उपचार

– **सन्दर्भ समाचारदाता**

झापा । सामूहिक बलात्कारको शिकार वनेकी सन्थाल समुदायकी एकल महिलाले उपचार पाउन सकिनन् । झापा कनकाई नगरपालिका ३ की ३१ वर्षीया महिलामाथि फागुन १० गते राति सोही नगरपालिका दुइजनाले सामूहिक बलात्कार गरेका थिए ।

बलात्कृत बनेकी पीडित महिलाको रक्तश्राव भइरहेको संरक्षक कृष्ण कुमार श्रेष्ठले जानकारी दिए । घट्नापछि स्थानीय स्वास्थ्य संस्थामा सामान्य उपचार पश्चात घर ल्याएको उनको भनाइ छ । अस्पतालले घर लैजानु भने पछि ल्याए तर, उनको रक्तश्राव नरोकिएको श्रीमतीलाइ उदृत गर्दै उनले जानकारी दिए । उपचार खर्च दिन नमिल्ने प्रहरीले जनाएपछि घरमा नै आयुर्वेदिक उपचार गरिरहेपनि ठिक नभएको उनको भनाइ छ ।

पीडित महिलालाइ न्याय दिनुको सट्टा खर्च गरेर थुनामा रहेकालाइ निकाल्नु पर्छ भन्दै आएका उनले सुनाए । के



श सेलाइ सक्यो अब केही हुदैन भन्दै केही समूहले दबाव दिइरहेको उनको भनाइ छ । घट्ना भएपछि प्रहरीलाइ जानकारी गराएको र हाल के हुदैछ भन्ने विषयमा जानकारीमा नआएको कनकाइ ५ की वडा सदस्य जानुका सिवाकोटीले बताइन् । महिलाको ओठ सुण्डिएको,शरिरभरी निलडाम रहेको साथै शरीर पुरै हिलो अवस्थामा फेला पारिएको उनले जानकारी दिइन् । महिलामाथि भएको घट्ना आफुलाइ जानकारीमा नआएको मानव अधिकार का लागि महिला एकल महिला झापा अध्यक्ष रेखा अधिकारीले बताइन् । संलग्नलाइ कारबाही र पीडित महिलाले न्याय पाउनु पर्ने उनले जनाइन् । उपचार मा समस्याका विषयमा तत्काल उद्दार गरी मेची अञ्चल अस्पताल भद्रपुरमा ल्याइने उनले बताइन् ।

सोही नगरपालिका- ४ का २८ वर्षीय प्रदीप चौधरी र ५८ वर्षीय कान्छा भनिने शर्मानन्द भुजेलले बलात्कार गरेर शक्त घाइते बनाएको अवस्थामा प्रहरीले पक्राउ गरी जबरजस्ती करणी र कुटपिटमा मुद्दा चलाएको जिल्लाका डिएसपी राकेश थापाले जानकारी दिए ।

## उद्योग बाणिज्य संघको निर्वाचनमा

# लोकतान्त्रिक व्यवसायीहरुको प्यानलको बर्चश्व

– **सन्दर्भ समाचारदाता**

बिर्तामोड । बिर्तामोड उद्योग बाणिज्य संघको निर्वाचनमा यसपटक पनि आफनो वर्चश्व कायम राख्न सफल भएको छ । मुख्य र धेरै पदहरुमा नेपाली कांग्रेसनिकट लोकतान्त्रिक व्यवसायीहरुको प्यानलले जित कायम गरि यसपटक पनि आफनो बर्चश्व राख्न सफल भएको हो ।

सावर्जनिक गरिएको अन्तिम मतपरिणामअनुसार लोकतान्त्रिक समूहले, दश जना पदाधिकारीमध्ये अध्यक्षसहितको ८ जना जितिरहँदा संयुक्तले महासचिव र वाणिज्य सचिवसहित दुईवटा पदाधिकारी आफ्नो पक्षमा पार्न सफल भएको छ । त्यस्तै खुल्ला सदस्य ७ र दुई महिला सदस्यगरी ९ जनामध्ये लोकतान्त्रिकले ६ र संयुक्तले ३ पद जितेका छन् ।

निर्वाचन समितिका अनुसार संघको अध्यक्षमा नेकपा र राप्रपा गठबन्धन भएको संयुक्त प्यानलवाट अध्यक्षका उम्मेदवार सुवास भट्टराईलाई ठुलो मतान्तरले हराउदै लोकतान्त्रिकका प्रकाश शिवाकोटी विजयी भएका छन् । शिवाकोटीले २१३९ मत प्राप्त गरे भने उनका निकटतम् प्रतिष्पर्धी संयुक्त व्यावसायिक प्यानलका अध्यक्षका उम्मेदवार भट्टराईले १६१५ मत प्राप्त गरेका छन् । जुन ५२४ मतको अन्तर हो ।

यसैगरी, वरिष्ठ उपाध्यक्षमा लोकतान्त्रिक प्यानलका राजु न्यौपाने २११६ मतसहित विजयी बनेका छन् । उनका प्रतिष्पर्धी संयुक्त प्यानलका नारायणप्रसाद चिमरियाले १५९२ मत प्राप्त गरेका छन् । उद्योग उपाध्यक्षमा लोकतान्त्रिक प्यानलका संजीव घिमिरे १९४० मतसहित विजयी




भएका छन् । उनका प्रतिष्पर्धी संयुक्त प्यानलका प्रकाश घिमिरेले १७१८ मत प्राप्त गरेका छन् ।

वाणिज्य उपाध्यक्षमा लोकतान्त्रिक प्यानलका राजकुमार घिमिरे (राजु)ले २२७८ मतका साथ जित हासिल गरिरहँदा संयुक्त प्यानलका रामकृष्ण अधिकारीले १३२३ मत प्राप्त गरेका छन् । महासचिवमा संयुक्त प्यानलका अर्जुनकुमार मैनाली १८४३ मत प्राप्त गरी विजयी बनेका छन् । उनका निकटतम प्रतिद्वन्द्वी लोकतान्त्रिक प्यानलका रविन्द्र भट्टराईले १८१७ मत प्राप्त गरेका छन् । उद्योग सचिवमा लोकतान्त्रिक प्यानलका कुशल खतिवडा सर्वाधिक २५२० मतसहित विजयी बनिरहँदा संयुक्त प्यानलका धनबहादुर डाँगीले मात्र १०६३ मत प्राप्त गरेका छन् । त्यस्तै वाणिज्य सचिवमा संयुक्त प्यानलका कृष्ण पौडेल १९६६ मत प्राप्त गरी विजयी भएका छन् भने उनका निकटतम् प्रतिष्पर्धी लोकतान्त्रिक प्यानलका राजकुमार शाह (राजश्री )ले १६७४ मत प्राप्त गरेका छन् ।

कोषाध्यक्षमा लोकतान्त्रिक प्यानलका दिपेन्द्र राउतले २१२२ मत ल्याई विजयी हासिल गरेका छन् । उनका प्रतिष्पर्धी संयुक्त प्यानलका दुर्गाप्रसाद थपलियाले १५२४ मत प्राप्त गरेका छन् । महिलातर्फको आरक्षित सहकोषाध्यक्षमा लोकतान्त्रिक प्यानलकी राधिका चुडाल हुमागाईले १९७० मतले जित हासिल गरिरहँदा संयुक्त प्यानलकी रञ्जु प्याकुरेलले १६२४ मत प्राप्त गरेकी छन् ।

खुल्ला सदस्यतर्फ ९ जनामध्ये लोकतान्त्रिकले ६ र संयुक्तले ३ पद जिते । विशाल थापा २०९९, गुन्जन प्रसाई २००८, पुकार बराल २०००, जीवनकुमार खड्का १९१८, दिपक मित्तल १८९९ , बलराम सिटौला राम १८६१ , गौरीशंकर गुप्ता टिंकु १७९० तथा महिला सदस्यमा तुलसा ढकाल खनाल २१९५ र रुचि शिवाकोटी २०७६ मतसहित विजयी बनेका छन् । खुल्ला सदस्यमा गोविन्द कार्की १६४०, वलबहादुर लिम्बु विसन १७७५ , भगिरथ लुइटेल १४२२ , मनोजकुमार शाह १७३२ ,सन्नी गोयल १७१६ , सूर्यकुमार खतिवडा १६४६ तथा महिला सदस्यमा सिर्जना अग्रवाल सोनीले १७६६ मत ल्याएका छन् ।

कांग्रेसनिकट लोकतान्त्रिक प्यानलले अधिकांश पदमा विजयी हासिल गरिरहँदा नेकपा र राप्रपाको संयुक्त प्यानलबाट राप्रपाका एकजना वाणिज्य सचिव कृष्ण पौडेलले मात्र जितेका छन् । राप्रपाले तीन पदाधिकारी तीन सदस्य पाएको थियो । ११ जनाले उम्मेद्वारी दिएको नेकपाले भने महासचिव र दुई सदस्य गरी ३ पदमा विजयी हासिल गरेको छ । राजनीतिक दलहरुले भिन्नाभिन्नै प्यानल बनाएपनि मतदाताहरुले प्यानलसँगै उम्मेद्वारलाई हेरेर मत दिएको पाइएको छ ।

# डाक्टर शंकरप्रसाद उप्रेतीको निधन

काठमाडौं । झापाका डाक्टर शंकरप्रसाद उप्रेतीको शनिबार राति निधन भएको छ । उनको ८७ वर्षको उमेरमा काठमाडौंमा शनिबार राति ११ वजे निधन भएको हो ।

डा.उप्रेती नेपाली कांग्रेस झापाका पुराना नेता एवम् राष्ट्रिय सभाका पूर्वसदस्य समेत हुन् । केही वर्षदेखि अस्वस्थ भएपछि उनी छोरा डा.सञ्जीव उप्रेतीसँग काठमाडौंमा बस्दै आएका थिए । भारतबाट एमबीबीएस गरेर १० वर्ष सरकारी सेवामा काम गरेका डा.उप्रेतीले थप ४० वर्ष झापाको



– **स्व. डा. शंकरप्रसाद उप्रेती**

शनिश्चरेमा बसोबास गरी त्यस क्षेत्रकाबिरामीहरुको निःशुल्क उपचार गरेका थिए ।

उनले लेखेको आत्मसंस्मरणको कृति 'जीवन एक सपना'मा आफ्नो संघर्षमयी जीवनयात्रा, राजनीतिक र व्यापारिक बन्दै गएको समयको झलक समेटिएको छ । झापामा 'डाक्टर बा' नामले चिनिएका उप्रेतीले निःस्वार्थ जनताको सेवा गरेका थिए । उनको अन्त्येष्टि आइतबार नै गरिएको छ ।

डा.उप्रेतीको निधनमा शोक विज्ञप्ति जारी गर्दै कांग्रेसका सभापति शेरबहादुर देउवाले आफूले एक पुरानो साथी, पार्टीले एक निष्ठावान अग्रज र समाजले अथक समाजसेवी गुमाएको बताए । डा. उप्रेतीको निधनमा राजनीतिक दलका नेताहरु, साहित्यकार र नागरिकहरूले पनि शोक व्यक्त गरेका छन् ।

# हामी लिम्बूहरु विभाजित मानसिकतामा किन ?



–**शेसेहाङ् फियाक**

पछिल्लो समयमा पेचिलो हिसाबले उठेको धार्मिक विवाद पनि त्यहि कारणले विकसित भएर आएको हो । आज संसारमा हरेक कुराको विश्वव्यापीकरण भइरहेको छ । त्यहि विश्वव्यापीकरणको जालोमा आफूपनि झुण्डीनु पुग्नु कुनै न कुनै आफ्नो विशिष्टीकरण अस्तित्व र पहिचान सहित प्रस्तुत हुनुपर्छ । आज याक्थुङ् लिम्बुहरुले पनि त्यही कुरा खोजी गरिरहेका छन् । तर के कुरा चाहिँ याक्थुङ् लिम्बु जातिमा अभाव देखिन्छ भने एकताविना हक, अधिकार र न्याय प्राप्ती असम्भव हुन्छ भन्ने कुरा हेक्का भइरहेको छैन ।

आज सबैतिरबाट उठिरहेको विषय नै यहि हो । वर्तमान परिवेशमा याक्थुङ् लिम्बुहरु किन विभाजित मानसिकतामा गुज्रिरहेको भन्ने सवालमा जताततै प्रश्न उब्जिरहेको छ । यस सवालमा मलाई के लाग्छ भने याक्थुङ् लिम्बुहरुको मूल थलो लिम्बुवान नै भएपनि आज विश्वमा छरिएर बसेका छन् । याक्थुङ् लिम्बुहरुमा विश्वका कुनै न कुनै सभ्यता, संस्कार, संस्कृति, भाषा, साहित्य, इतिहास, सामाजिक, राजनैतिक र धार्मिक परिवेष सँग परिचित छन् र घुलमिल पनि छन् । यसकारण जुन याक्थुङ् लिम्बुले जुन परिवेशको वातावरण, आचार, विचार, संहिता र सिद्धान्तसँग परिचित छ त्यही कुरा लाद्न खोज्दछ । वास्तवमा यो उनको बुझाई र गराईलाई बिषय भन्न मिल्दैन ।

जुन याक्थुङ् लिम्बु अमेरिका, अष्ट्रेलिया, युके, क्यानडा, अफ्रिका लगायतका मुलुकमा पुगेका छन् उनीहरुले त्यस ठाउँमा विकसित घटनाक्रमहरुले आफ्नो समाज प्रमावित पार्न खोज्दछन् । त्यसरी नै एसियामा मात्र बसिरहने याक्थुङ् लिम्बुहरुले यहिको परिवेश अनुसार चल्न खोज्दछ । यसकारणले पनि लिम्बुमा विभाजितताको मानसिकता विकास भएको हो भन्ने मलाई लाग्छ ।

अर्को कुरा हामी याक्थुङ् लिम्बुहरुको सामाजिक दर्शनको निर्माण पञ्चतत्वको मिलान सिद्धान्तबाट निर्माण भएको छ । सांसारिक राज्यमा पञ्चतत्व दैविक अनिष्टताको कारण विद्रोह भयो भने मात्र फाटो आउँछ । जस्तै कि हावा, पानी, आगो, धर्ति र आकाश कहिल्यै पनि विवाद गर्दैनन्, हो, त्यही मूल कारक तत्व नै हाम्रो साश्वत जीवन दर्शन मुन्धुमको असर हो ।

पछिल्लो समयमा पेचिलो हिसाबले उठेको धार्मिक विवाद पनि त्यहि कारणले विकसित भएर आएको हो । आज संसारमा हरेक कुराको विश्वव्यापीकरण भइरहेको छ । त्यहि विश्वव्यापीकरणको जालोमा आफूपनि झुण्डीनु पुग्नु कुनै न कुनै आफ्नो विशिष्टीकरण अस्तित्व र पहिचान सहित प्रस्तुत हुनुपर्छ । आज याक्थुङ् लिम्बुहरुले पनि त्यही कुरा खोजी गरिरहेका छन् । तर के कुरा चाहिँ याक्थुङ् लिम्बु जातिमा अभाव देखिन्छ भने एकताविना हक, अधिकार र न्याय प्राप्ती असम्भव हुन्छ भन्ने कुरा हेक्का भइरहेको छैन ।

त्यसकारण यहि संक्षिप्त विचार सहित समस्त याक्थुङ् लिम्बुहरुमा लुङ्मेन्दीङ् अपील गर्दछु कि हामी याक्थुङ् लिम्बुहरु अबको दिनमा जुनै



सिद्धान्तबाट हाम्रो याक्थुङ् लिम्बुको सामाजिक सिद्धान्त निर्माण भएको छ । सामाजिक परिवेशले राजनैतिक विचारलाई प्रमावित पारीरहेको हुन्छ । त्यस अर्थले पनि हामीमा राजनैतिक चातुर्यता कमजोर छ । भन्नैपर्दा राजनैतिक सिद्धान्तमा आएका उतार चढावलाई सहजै व्यवस्थापन गर्न जान्दैनौं, जसले गर्दा हामीबिचको सकारात्मक पक्षहरु आवश्यकता भन्दा बढि नकारात्मक पाटोहरु जन्मन पुग्छ, जो कहिल्यैपनि पुरिन्दैनन् । यसको कुरामा गोलबन्द भएर अघि बढ्नुको विकल्प छैन त्यसकारण हामीविचमा उब्जेका सामाजिक, राजनैतिक, भाषिक, साहित्यिक, सांस्कृतिक लगायत विविध पक्षसँग सम्बन्धित सबै विषयहरुप्रतिको विभाजित मानसिकतालाई सकारात्मक विचारले व्यवस्थापन गर्दैलैजाऔं, ताकि हाम्रा सन्ततीहरुमा नकारात्मक सोचको सिद्धान्त भन्दा सकारात्मक सोचको सिद्धान्त लाखौं गुणा गुणेदार हुन्छ भन्ने शिक्षा प्राप्त गर्न सकुन् ।

# जसपा जिल्ला नेतृत्वको आपत्ति

– **सन्दर्भ समाचारदाता**

दमक । जनता समाजवादी पार्टी नेपालको झापा जिल्ला समायोजन सहजीकरण कार्यदलले एकपक्षीय रुपमा जिल्ला पार्टी समायोजन गरेको भन्दैं त्यस पार्टीका जिल्ला नेतृत्वले आपत्ति जनाएका छन् । गत फागुन १७ गते त्यस कार्यदलले पार्टी समायोजन टुङ्ग्याएको भनी विज्ञप्ति मार्फत सार्वजनिक गरिएको थियो ।

कार्यदलको निर्णय लगत्तै पार्टी जिल्ला समितिका अध्यक्ष दिपेनवाला राईसहितका जिल्ला पदाधिकारीहरुले उक्त कार्य प्रति आपत्ति जनाउदैं एक बिज्ञप्ति जारी गरेको छ । बिज्ञप्तिमा कार्यदलले पार्टीले तोकेको स्पष्ट निदेशिका विपरीत एकपक्षीय रुपमा जिल्ला पार्टी समायोजन गरेको भन्दैं



सार्वजनिक गरिएकोमा आपत्ति जनाउदैं त्यस्ता गतिविधि पार्टी एकता विरोधी भएको उल्लेख गरिएको छ । विज्ञप्तिमा पार्टीका अध्यक्ष दिपेनवाला राई, उपाध्यक्षद्धय वीरवहादुर श्रेष्ठ,शिवन सोराली मगर,सचिव पुष्पप्रसाद पौडेल,सहसचिव अर्जुनकुमार राई र कोषाध्यक्ष राजु खड्काको हस्ताक्षार छ उनीहरुले समायोजन गरिएको विवरण कपोकल्पित भएको र त्यस्तो भ्रममा नपर्न आम पार्टी कार्यकर्ताहरुलाई आग्रह समेत गरिएको विज्ञप्तिमा जनाईएको छ ।

दमकमा सोमबार सम्पन्न समायोजन कार्यदलको बैठकले अनुतसिंह राजवंशीको अध्यक्षतामा २२५ सदस्यीय जिल्ला समन्वय समिति र २५ सदस्यीय जिल्ला कार्यकारिणी समिति गठन गरिएको थियो । कार्यदलको निर्णय लगत्तै जसपाका केन्द्री सदस्य देउकुमार नेम्बालगायतका नेता तथा कार्यकर्ताहरुले सामाजिक सञ्जालमा असन्तुष्ट पोखेका छन् ।

# तीन बर्षको अवधिमा १०५ वटा पुल निर्माण

– **सन्दर्भ समाचरदाता**

भद्रपुर । झापास्थित अर्जुनधारा नगरपालिकाले तीन बर्षको अवधिमा साना ठूला गरी १०५ वटा पुल र कल्भर्ट निर्माण गरेको छ । यसरी अर्जुनधारा नगरपालिकाले पुल कलभर्ट निमार्णमा पालिकाहरुमध्ये रेकर्ड कायम गरेको छ । जनप्रतिनिधि निर्वाचित भएर आएपछि स-साना खोलाका कारण वल्लो पल्लोगाउँ पुग्नै घण्टौ हिंड्नु पर्ने बाध्यताको अन्त्य गर्दै नगरपालिकाले आन्तरिक बजेटबाट रु.१२ लाखदेखि रु ४५ लाखसम्मको लगानीमा पक्की पुल र कल्भर्ट बनाएको हो ।

२०७४ साल साउन २७ गते जनप्रतिनिधि निर्वाचित भएर आएपछि पहिलो प्राथमिकतामा कल्भर्ट र पुल निर्माणको कार्य रह्यो ।"हामी निर्वाचित भएर आउनु अघि नै बर्षाका कारण आएको भीषण बाढीले एकै दिन नगरभित्रका ५३ वटा पुल र कल्भर्ट भत्काएको थियो, नगरपालिकाका प्रमुख हरि रानाले भने, "त्यो साल तिनै कल्भर्ट र पुल बनाउँदै वित्यो, थप केही गर्न सकिएन । नगरभित्र साना ठूला दर्जनौं खोला खोल्सी भएका कारण एउटा वडाबाट अर्को वडा पुग्न वा आफ्नै वडाको वल्लो



गाउँबाट पल्लो गाउँ पुग्न लाग्ने घण्टौ समयको पुल कल्भर्टले बचत गरेको उनको भनाई छ । उनले आर्थिक बर्ष २०७५/०७६ मा थप ३० वटा र आ.व. २०७६/०७७ मा २२ वटा गरी जम्मा १०५ वटा पक्की पुल र कल्भर्ट निर्माण गरिसकेको बताए ।

नगरप्रमुख रानाले नगरभित्रका क्षेत्रलाई मात्र जोड्ने होइन छिमेकी जिल्ला इलामको रोङ गाउँपालिकाबाट अर्जुनधारा -१ जोड्ने नेते खोलामा संयुक्त लगानीमा रु. ६० लाखको लागतमा २० मिटर र इलामकै माइ नगरपालिकासँग मिलेर साढीमुरे खोलामा रु.२३ लाखको लागतमा १४ मिटर लामो पुल निर्माण गरिसकेको बताए । उनले अझै ११ वटा पुल, कल्भर्ट निर्माण गर्न नगरपालिकाभित्र आवश्यक रहेको बताउँदै चालू आर्थिक बर्षभित्रमै बनाइसक्ने योजना सुनाए । पहिलो प्राथमिक पुल कल्भर्टलाई दिए पनि अब सडक विस्तारको योजनालाई तीब्रता दिइने उनले बताए ।

उनले नगरसँग आन्तरिक बजेट पर्याप्त नहुँदा ठूला भनिएका विरिङ र टाङटिङ खोलामा पक्की पुल बनाउन नसकिएको बताए । सो खोलामा पुल निर्माणका लागि संघीय सरकारसँग बजेट माग गरिरहरहेको बताउँदै भने"यी दुई खोलाले ठूलो समस्या नित्याएको छ । बर्षातका समयमा खुदुनाबारी र मदनपुरबासीलाई नगरपालिका आउन नसक्ने अवस्था सिर्जना हुन्छ । सानो बजेटले हुँदैन तत्काल सघींय सरकारसँग समन्वय गरेर हाम्रै कार्यकालमा पुल बनाउँछौं ।'

# मेची पुलबाट लागुऔषधसहित दुई जना पक्राउ

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । झापा मेचीनगर नगर पालिका-६ स्थित मेची पुलबाट लागुऔषध ब्राउनसुगरसहित मंगलबार दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा पाँचथर आङ्ना-४ घर भई हाल झापा दमक-१ बस्ने २३ वर्षीय गणेश खत्री र मोरङ उर्लाबारी-९ का २७ वर्षीय अनुप तामाङ रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता राकेश थापाले जानकारी दिनुभयो ।

उहाँका अनुसार खत्रीलाई ३ ग्राम र तामाङलाई १ ग्राम ब्राउनसुगरसहित लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखेर थप अनुसन्धान भइरहेको छ ।

# साहित्यकार विष्णु नवीनको साडी चोलो व्यंग

इलाम । भनिन्छ, साहित्य अभावबाट जन्मिन्छ । ग्रामीण परिवेश, दुःख, पीडा झेलेकै व्यक्तिले साहित्य सिर्जना बढी गर्न सकेका छन् पनि भनिएको छ । दुःखसँग पौँठे जोरी खेल्दै समाज परिवर्तनका लागि अनेक प्रयत्न भएका छन् । समाज परिवर्तनका लागि साहित्य एउटा मुख्य पाटो हो ।

आफ्नो जीवन विपन्नताबाट गुज्रिरहँदा पनि निरन्तर साहित्य रचना गरिरहने साहित्यकार हुन् इलामे साहित्यकार स्वर्गीय विष्णु नवीन । साधारणतया अरु साहित्यकारको जीवनभन्दा कठोर तवरले नवीनको जिन्दगी बित्यो । विसं १९९५ मा जन्मिएका उनको इलामसँग जोडिएर नाम आउँथ्यो । इलामको साहित्यिक संसारमा नवीनको नाम उपल्लो दर्जामा छ । "इलामबाट आएको भनेर काठमाडौँमा भन्यो भने नवीन के गर्दैछ भनेर भन्थे, उहाँको छाप त्यस्तो थियो, सांस्कृतिकविद् युद्धप्रसाद वैद्य सम्झन्छन् ।

नवीनको साहित्य जति उज्यालो छ जीवन त्यति नै अँध्यारो थियो । नवीनका बुबाका दुई श्रीमतीमध्ये कान्छीबाट नवीनको जन्म भएको थियो । "उहाँलाई बुबाले नै हेला गरेपछि पाटीमा सुत्नुपरेको थियो, उचित हेरचाह पनि गरेनन्, ड. देवी क्षेत्री दुलालले लेखेको नवीनको कथाकारिता पुस्तकमा भनिएको छ, "त्यसरी घरबाट पाटीको बासमा पुगेपछि आमाले खेताला गएर ल्याएको मानामुठी र आनासुकीले परिवार चल्न थाल्यो । अभावैअभावमा नवीनको पढाइ इलामकै भाषा पाठशालामा शुरु भयो । नवीनले विसं २०१२ मा आदर्श पद्म माध्यमिक विद्यालयबाट कक्षा ८ उत्तीर्ण गरे । विद्यालय जीवनमै पनि नवीनको जीवनमा अनेक बाधा आए । विसं २०१७ मा इलामबाटै प्रवेशिका परीक्षा उत्तीर्ण गरेका नवीनले प्रवीणता प्रमाणपत्र तह पार गर्न सकेनन् ।

नेपाली भाषा प्रचारक सङ्घ करफोकको आयोजनामा इलामको करफोकमा विसं २००९ मा राष्ट्रिय साहित्य सम्मेलन भयो । सम्मेलनमा सहभागी हुन महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौड्यालसहितका साहित्यकारको उपस्थिति थियो । इतिहासकार वैद्यका अनुसार नवीन त्यही कार्यक्रममा पुगेपछि साहित्यप्रति आकर्षित भए । सोही समयपछि इलाम साहित्यमय भयो । यसको प्रभाव नवीनमा परेको वैद्यको भनाइ छ । यता डा क्षेत्रीद्वारा लिखित नवीनको जीवनीअनुसार भारतीय शिक्षकको प्रभाव नवीनमा परेको थियो । विसं २०१४ मा पाल्पाबाट प्रकाशित 'कोपिला' पत्रिकामा नवीनको 'एक पैसा' शीर्षकको छोटो कथा छापिएको थियो । नवीनको 'श्रीमतीसँग एक दिन' (हास्यव्यङ्ग्य सङ्ग्रह-२०२२), उनको स्मृतिमा (खण्डकाव्य) २०२४, छातीमा नआएका कुरा-हास्यव्यङ्ग्य सङ्ग्रह-२०२९, लोग्ने-स्वास्नी - कथासङ्ग्रह, २०३८ कृति प्रकाशित छन् । साहित्य, पत्रकारिता र सांस्कृतिक क्षेत्रका त्रिवेणीका रुपमा नवीनलाई हेरिन्छ । नवीनले जीवन चलाउन विभिन्न ठाउँमा जागिर खाए तर उनको जीवनमा सधैँ आर्थिक खडेरी भने रहिरह्यो । नवीनसँग कहिल्यै पैसा



नहुने र कतिदिन त भोकै पनि सुत्नुपर्ने अवस्था थियो ।

सांस्कृतिकविद् वैद्य सम्झन्छन्, "नवीनलाई खान, बस्न प्रबन्ध मिलाइदिन सकेको भए उनी निरन्तर लेखिरहन्थे । नवीनको जीवनमा कहिल्यै सुख र शान्ति आएन । यस्तै समस्याका बाबजुद पनि नवीन निरन्तर लेखिरहे । नवीनको जीवनसँगका घटना सम्झँदै साहित्यकार गणेश रसिक भन्छन्, "पुस्तक र पत्रिका पढ्ने उहाँको अजीवको बानी थियो । साहित्यकार रसिक भन्छन्, "सधैँ एउटा झोला बोक्ने र त्यही झोलामा पत्रिका र पुस्तक हुन्थे । रसिकका अनुसार साथीभाइप्रति नवीनको लगाव बेग्लै किसिमको थियो । आर्थिक अभाव भए पनि नवीन साथीभाइलाई घरमा लगेर राख्थे । रसिक भन्छन्, घरमा पुस्तक राख्ने ठाउँ पनि थिएन । थाल, बोटुका राख्ने ठाउँमै पुस्तक राखिएको हुन्थ्यो ।

नवीन एक विद्रोही पनि थिए । उनी समाजलाई व्यङ्ग्य गर्न साहित्यिक कृति मात्र नभई भौतिकरुपमै भिन्न व्यवहार गर्थे । नवीन प्रायः बजार आउँदाजाँदा महिलाका लुगा लगाएर निस्किन्थे । शरीरमा साडीचोलो लगाएको देखेर धेरैले उनलाई बौलाहा भन्ने गरेका थिए । महिलाको र आफ्नो स्थान उस्तै भएकाले नवीनले व्यङ्ग्यका लागि साडी चोलो लगाएको हुन सक्छ, साहित्यकार एवं इलाम साहित्यिक प्रतिष्ठानका अध्यक्ष टीका घिमिरे भन्छिन्, "म पागलभन्दा पत्याउँदिन, उहाँको कृतिमा पागलपन झल्किँदैन । नवीन साडी चोलो मात्र लाउने होइन । अनेक किसिमका व्यङ्ग्य गर्थे । नवीनले विशेषगरी सामाजिक विषयवस्तुलाई आधार बनाएर साहित्य रचना गरेको देखिन्छ । सामाजिक विषयलाई कथाको मूल स्रोत ठानेर नवीनले यौनलाई प्रमुखता बनाएर लेखेको देखिन्छ । डा देवी क्षेत्री दुलाल आफ्नो पुस्तकमा लेख्छन्, "नवीनको साहित्यमा सामाजिक कथामा गुरुप्रसाद मैनाली र यौन मनोविज्ञानमा विश्वेश्वरप्रसाद कोइरालासँग मिल्छ, तर कोइरालाले यौनिक विषयलाई ध्यान दिए, नवीनले यौनलाई व्यावहारिक पक्षलाई चित्रण गरे ।

नवीनले साहित्यबाट विभिन्न सन्देश दिन खोजेको देखिन्छ । यौन मनोविज्ञान, राष्ट्रियता, सामाजिक परिवेशलाई आधार बनाएको देखिन्छ । उनी साहित्यमा लैङ्गिक असमानतालाई जोड्ने सेतु बनेका छन् । इतिहासविद् वैद्यका अनुसार नवीन राष्ट्रियतामा अडिग थिए । उनको 'छातीमा नअटाएको कुरा' मा आफू राष्ट्रवादी भएको प्रमाणित गरेको वैद्य सुनाउँछन् । "कतिपय ठाउँमा राष्ट्र विरोधी कुरा गरे उहाँ रिसाइहाल्नुहुन्थ्यो, वैद्यले भने, "साथीभाइ कसैलाई राष्ट्रियताका विषयमा तत्कालीन शासकले जेल लगे, नवीन त्यसलाई होइन मलाइ लैजासम्म भन्नुहुन्थ्यो । डा क्षेत्रीले लेखेको नवीनको जीवनीमा नवीनको साहित्यमा क्रान्तिकारी र परिवर्तनमुखी भाव भेटिने गरेको लेखिएको छ । नवीनले क्रान्तिकारी नेता ज्ञानीराम भट्टराईको स्मृतिमा लेखेको पुस्तक 'उनको स्मृतिमा' पुस्तकमा यथास्थितिलाई धज्जी उडाउँदै लेखिएको बताइएको छ । नवीनका साहित्यमा सबै विधा हेर्दा हास्यव्यङ्ग्य विधा बढी प्रयोग गरेको देखिन्छ । समाजलाई व्यङ्ग्य गर्न नवीन आफू कार्यरत संस्थाकैविरुद्धमा पनि व्यङ्ग्य गरेको देखिन्छ ।

साहित्य मात्र होइन नवीन सांस्कृतिक विषयमा पनि हुरुक्कै हुन्थे । कुनैबेला नवीन इलामको देउमाई नगरपालिकास्थित मङ्गलबारेको एक विद्यालयमा अध्यापन गर्थे । त्यसैबेला त्यहाँ नेवारी समुदायको रोपाइँ जात्रा शुरु गरिएको थियो । पञ्चायतको जगजगीका बेला धेरै साहित्यकार शासकप्रति औँला ठड्याउन डराउथे तर नवीन यस्ता व्यक्ति थिए निरन्तर कलम चलाउन कोहीसँग डराएनन् ।

इतिहासविद् वैद्यका अनुसार नवीनकै अगुवाइमा त्यहाँ जात्रा चलाइएको थियो । जुन जात्रा अहिले पनि चलिरहेको छ । इलामका जुनसुकै सांस्कृतिक कार्यक्रममा पनि नवीन पुग्ने गरेको उनका समकालीन व्यक्ति सम्झन्छन् । इलामका पुराना वाद्यवादक राम दियालीका अनुसार इलाम बजारमा वर्षेनी हुने रोपाइँ जात्रा, गाई जात्रामा नवीनको उपस्थितिले नै हर्षोल्लास हुन्थ्यो ।

इतिहासविद् वैद्य जुनसुकै कार्यक्रममा पनि नवीन अनिवार्य नाच्ने गरेको सम्झन्छन् । नवीनको मृत्युपछि इलामका सांस्कृतिक कार्यक्रममा रौनक नभएको समकालीन व्यक्ति सुनाउँछन् । यस्तै नवीनको जीवन पत्रकारितासँग पनि जोडिएको देखिन्छ । उनी २०१९ सालमा 'शिक्षापथ' नामक 'हस्तलिखित' पत्रिकाको सम्पादक थिए । त्यसपछि 'आँशु' र 'कोपिला' पत्रिकाको सहसम्पादक भएर पनि काम गरेको देखिन्छ । यस्तै मेची पाक्षिक पत्रिकालगायतका देशका विभिन्न भागमा रहेका पत्रिकामा स्तम्भ लेख्ने गरेका थिए ।

समाजले नबुझेकै कारण बाँचुञ्जेल नवीनलाई एक पागल जस्तो बनाइयो । समाजका व्यवहारमा फरक प्रवृत्ति देखाएका कारण नवीनलाई 'अर्ध पागल' वा 'पागल' भनिन्थ्यो । उनका केही कृति प्रकाशित भए पनि केही कृति छापिने क्रममा छन् । उनका केही कृति भने अझै फेला परेका छैनन् । नवीनका छोरा स्काइ नवीनले भने बुबाका साहित्यिक कृतिका बारेमा आफू जानकार नभएको बताए । "पहिलेको कुरा हो, कहाँ छन् केही थाहा छैन, उनले अनभिज्ञता प्रकट गरे । इलाम साहित्यिक प्रतिष्ठानले केही समयमै नवीनका केही कृति प्रकाशित गर्न लागेको बताएको छ । प्रतिष्ठानका सचिव दिवाकर भण्डारीका अनुसार नवीनका कृति 'केही सोधी, केही खोजी', 'श्रीमतीले पान खाँदा' प्रकाशोन्मुख छन् । यसका साथै अन्य केही फुटकर रचनासमेत प्रकाशन गर्ने तयारी छ । यस्तै इलाम नगरपालिकाले चियाबगान नजिकै नवीनको प्रतिमासहित चौतारो निर्माण गरेको छ । नगरपालिकाकै अगुवाइमा नवीनको पुरानो घर पनि पुनःनिर्माण गरिएको छ । यस्ता बहुप्रतिभाका धनी नवीनले करीब ४५ वसन्त पार नगर्दै मृत्युवरण गर्नु परेको थियो । उनका साथीसङ्गी रक्सीको अधिक प्रयोगकै कारण नवीनको कम उमेरमै मृत्यु भएको बताउँछन् । नवीनका कृति खोजेर अझै पनि प्रकाशित गर्नुपर्ने इतिहासविद् वैद्यको भनाइ छ ।

डा दुलाल लेख्छन्, " नवीनले जीवनमा पाएको पहिलो र अन्तिम सम्मान तथा पुरस्कार अपमान हो । नवीनलाई २०३७ सालमा झापाबाट प्रकाशित विश्वदीप साहित्यिक पत्रिकाको आयोजनामा मेची अञ्चलस्तरीय साहित्य सम्मेलनमा अभिनन्दन गरिएको थियो । विसं २०४४ मा महानन्द पुरस्कारबाट मरणोपरान्त सम्मान गरिएको थियो ।
–रासस

(तस्बिर– इलाम सदरमुकामको जनपथमार्गस्थित चियाबारीमा साहित्यकार नवीनको शालीक)

# नेपालको गौरव सिंहदरबारको कथा

–**सुदीप श्रेष्ठ**

चन्द्रशमशेर जंगबहादुर राणाले आजभन्दा ११७ वर्षअघि, विक्रम सम्बत् १९६० मा बडो सोखका साथ युरोपेली शैलीको भव्य दरबार निर्माण गराए । नयाँ दरबारमा सर्नुअघि उनले आफ्ना महारानीहरूलाई अवलोकन भ्रमण गराउन लगेछन् कौसीमा पुगेपछि उनकी जेठी महारानी लोकभक्त लक्ष्मीदेवीले भद्रकाली मन्दिरभन्दा पनि पश्चिम धरहराछेउको बागदरबारतिर इशारा गर्दै भनिन्, "उ बागदरबार"

चन्द्रशमशेरले महारानी लक्ष्मीदेवीको इशारा पछ्याउँदै बागदरबारतिर हेरेछन् । त्यसपछि जेठी महारानीले भनिन्, "महाराज, त्यो बागदरबार हो भने यसको नाम सिंहदरबार राखे कसो होला" चन्द्रशमशेरलाई महारानीको कुरा चित्त बुझेछ । उनले तुरून्तै आफ्नो नयाँ दरबारको नाम "सिंहदरबार" रहने घोषणा गर्दै त्यसको माथिल्लो सिरानमा अजंग सिंहको धातुको प्रतिमूर्तिसमेत स्थापना गराए । फरफराइरहेको हुन्छ ।

सिंहदरबारबारे सुनिने



सिंहदरबार नामकरणसँग जोडिएको यो विवरण पुरुषोत्तमशमशेर राणाको "श्री ३ हरूको वृत्तान्त" किताबमा उल्लिखित छ । सिंहको प्रतिमूर्ति दरबारको पश्चिमी मोहडाको छतमा अहिले पनि छँदैछ, जहाँ नेपालको राष्ट्रिय झन्डा बेलायती बैठकदेखि स्टेट हलसम्म र चन्द्रशमशेरको शयनकक्षदेखि अन्य महत्वपूर्ण कोठाहरूसमेत पश्चिमी मोहडामा पर्छन्, जसको पुनर्निर्माण जारी छ । राजा वीरेन्द्र र रानी ऐश्वर्यको स्वयम्वर यही हलमा भएको थियो । बेलायतकी रानी एलिजाबेथ लगायत विभिन्न राष्ट्रका राष्ट्रप्रमुखहरू नेपाल भ्रमणमा आउँदा यही हलमा राजकीय भोज लगायत अन्य राजकीय बैठकहरू आयोजना गरिन्थ्यो ।

२०७२ को भुइँचालोले उठिबास भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय अब केही दिनमै यहाँ सर्दैछ । यो सभाहल झन्डै झन्डै हाम्रो दुईतला बराबर छ, जसको माथिल्ला सिरानमा दुइटा अग्ला झ्याल छन। यी झ्याल चन्द्रशमशेरको शयनकक्षमा खुल्छ। चन्द्रशमशेरले यो स्टेट हल यस्तरी निर्माण गराएका थिए, ताकि यहाँ हुने सम्पूर्ण गतिविधि शयनकक्षबाट हेर्न सकियोस् । त्यो समय महिलाहरूलाई स्टेट हलमा हुने राजकीय बैठकमा भाग लिने अनुमति थिएन । महिलाहरू यही झ्यालबाट यहाँका गतिविधि अवलोकन गर्थे ।

### उद्योग र श्रम क्षेत्रमा उत्पन्न समस्यालाई

# आपसी छलफल र संवादका माध्यमबाट समाधान गरिने

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । उद्योग, व्यवसाय तथा श्रम क्षेत्रमा उत्पन्न हुने विवाद तथा समस्यालाई आपसी छलफल र संवादका माध्यमबाट समाधान गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । संवाद समूह झापाको संयोजनमा शुक्रबार नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ र व्यापार क्षेत्रमा काम गर्ने श्रमिक कामदारहरुको हितमा क्रियाशील अन्तर्राष्ट्रिय ट्रेड युनियन 'युएनआई ग्लोवल युनियन'सँग आबद्ध युनिकम नेपालबीच भएको छलफलमा त्यस्तो बताइएको हो ।

छलफलका सहभागीले उद्योगी व्यवसायी तथा आबद्ध श्रमिक कामदारको दुईपक्षीय हितलाई सवीपरी ठानी सुमधुर सम्बन्ध स्थापित गर्दै आउन सक्ने विवादलाई संवादका माध्यमबाट समाधान गरेर अघि बढ्ने प्रतिबद्धता समेत जनाएका छन् । त्यसका लागि महासंघ र युनिकम नेपालबीच सम्झौता गरेर अघि बढ्ने बताइएको छ । उद्योग व्यापार क्षेत्रमा धेरैखाले विवाद आउने गरेको र त्यसमा पनि श्रम सम्वन्धी विवादका



कारण ठूला समस्या आउने गरेकालाई अब उक्त क्षेत्रलाई विवादरहित बनाउन अग्रसर हुनुपर्ने बताइएको छ ।

महासंघ प्रदेश नं। १ का अध्यक्ष टिकाराज ढकालले उद्योग, व्यापार क्षेत्रलाई विवादरहित बनाउँदै व्यवसायमैत्री वातावरण निर्माणका लागि युनिकमसँग सहकार्य गरेर जाने बताएका छन् । युनिकमका राष्ट्रिय अध्यक्ष गजेन्द्रबहादुर पौडेलले दुईपक्षीय हितका लागि सम्झौता गरेर अघि बढ्ने प्रस्ताव राखेका थिए । महासंघका अध्यक्ष ढकालले उक्त प्रस्ताव स्वागतयोग्य भएको भन्दै सहकार्यका लागि तयार रहेको प्रतिबद्धता जनाए । युनिकमका अध्यक्ष पौडेलले देशव्यापीरुपमा श्रम क्षेत्रको विवाद समाधानका लागि सामाजिक संवादको माध्यमबाट अघि बढ्न लागिएको जानकारी दिए । यस कार्यले उद्योगी, व्यवसायीका साथै आबद्ध कामदार श्रमिकको हित हुने उनको भनाइ छ ।

महासंघका अध्यक्ष ढकालले बन्द, हड्ताल, राजनीति र अन्य प्रभावबाट उद्योग, व्यवसायमा ठूलो असर परेको र अहिले मुलुकको आर्थिक वृद्धि दर ऋणात्मक ढंगले अघि बढ्नु दुःखद् भएको बताए । उनले लगानी तथा उद्योगी, व्यवसायीका लागि अनुकूल वातवारण बनाउन राजनीतिक दल तथा सरकारको ध्यानाकर्षण समेत गराए ।

छलफलमा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा प्रदेश महासंघका सल्लाहकार उमेश डालमिया, महासंघ प्रदेश नं। १ का कार्यकारिणी सदस्यहरु कुमार भट्टराई, भुपाल कटुवाल, कुमारमणि पोखरेल, विनोद बस्नेत, पशुपति बराल, दिपक पाण्डे, भेषराज भण्डारी ९प्रशान्त० ले व्यापार क्षेत्रमा उत्पन्न हुने श्रम विवादलाई समाधान गर्न युनिकमसँगको सहकार्य आवश्यक रहेको बताए ।

बिर्तामोड उद्योग वाणिज्य संघले गत पुस ४ गते युनिकमसँग सम्झौता गरी श्रम विवाद समाधानको अभ्यास शुरु गरिसकेको छ । उक्त कार्य प्रभावकारी भएको सम्बद्धहरुले बताएका छन् । छलफलमा युनिकमका केन्द्रिय सदस्य श्याम खड्गी, जिल्ला अध्यक्ष कृष्ण पोखरेल, पत्रकार महासंघ झापाका सहसचिव केशव भट्टराई लगायतले धारणा राखेका थिए । उक्त अवसरमा संवाद समूह र युनिकम नेपालले झापाबाट प्रतिनिधित्व गर्ने महासंघमा निर्वाचित अध्यक्ष तथा कार्यकारिणी समितिलाई स्वागत समेत गरिएको संवाद समूहकी कमला भट्टराईले बताइन् ।










